|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PAINTING | 1 | 0 | 171000 | १५९,०४७/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ५ दिन | कम्पनीको नियमानुसार | छैन | छ | ३ वर्ष |

**कम्पनी: F.ADVANCE ECONOMIC COOPERATIVE ASSOCIATION**
Pre Approval Date: 2025/10/08 Chalani No. 60245710 LOT No. 332048 City: Japan,K

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION EQUIPMENT | 2 | 0 | 180000 | १६७,४१८/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ५ दिन | कम्पनीको नियमानुसार | छैन | छ | ३ वर्ष |

**कम्पनी: F.ADVANCE ECONOMIC COOPERATIVE ASSOCIATION**
Pre Approval Date: 2025/10/08 Chalani No. 60245711 LOT No. 332046 City: Japan,K

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | IRON WORK | 2 | 0 | 173500 | १६१,३७२/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ५ दिन | कम्पनीको नियमानुसार | छैन | छ | ३ वर्ष |

**कम्पनी: GMT COOPERATIVE**
Pre Approval Date: 2025/07/08 Chalani No. 60240880 LOT No. 326782 City: Japan,NA

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRIC EQUIPMENT ASSEMBLING WORKER | 0 | 8 | 168280 | १५६,६५१/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ५ दिन | कम्पनीको नियमानुसार | छैन | छ | ३ वर्ष |

**कम्पनी: GMT COOPERATIVE**
Pre Approval Date: 2024/12/01 Chalani No. 60229048 LOT No. 314535 City: Japan,NA

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRONIC EQUIPMENT ASSEMBLING | 4 | 10 | 163916 | १५२,५८९/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ५ दिन | कम्पनीको नियमानुसार | छैन | छ | ३ वर्ष |

मिति २०८२/०६/३१ गते (17 Oct. 2025) प्रधान कार्यालय बसुन्धारामा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | ५०००० |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव :** (क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धी कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू :** (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धी कागजको प्रतिलिपि ।

१) **दरखास्त बुझाउनु पर्ने अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
२) **प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कुल खर्च : रु.५००००**
३) **प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तवार्ता: मिति २०८२/०६/३१ गते (17 Oct.. 2025) प्रधान कार्यालय बसुन्धारामा हुनेछ ।**

**नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढन र लेख्न सक्ने हुनुपर्नेछ ।**

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी : १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोस् । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा विमा गराउनुहोस् । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् । ७) श्रम स्वीकृतिविना बैदेशिक रोजगारीमा नजानुहोस् । बैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**SUCCESS NEPAL MANPOWER AGENCY PVT. LTD.**
Basundhara , Kathmandu, Nepal, Phone No: +977-4972666, 9860067689
Email: successnepal2011@gmail.com, jinzainepal@gmail.com, Website: www.successnepalmanpower.com
Lic. No. : 987/067/068

# बाढी–पहिरोपछिको पीडामा इलाम

**भगीरथ भण्डारी/राजधानी**
इलाम, २३ असोज

इलाममा गत १८ असोजको अविरल वर्षापछिको बाढी-पहिरोमा परी ३९ जनाको मृत्यु भएको छ । बाढी र पहिरोले सडक, पुल, विद्युत्, खानेपानीजस्ता भौतिक संरचनामा पनि क्षति गरेकाले पूर्वको इलाम पीडामा छ। एकै रातको ठूलो वर्षाले गरेको क्षतिबाट तंग्रिन इलामलाई निकै समय लाग्ने देखिन्छ। दसैंका बेला पाहुना आएका समेतको ज्यान गएको छ। जिल्ला प्रशासन कार्यालय इलामका अनुसार पहिरोले गरेको क्षतिको पूर्ण विवरण आइसकेको छैन। अहिले पनि विवरण संकलनको काम जारी छ । प्रारम्भिक विवरणलाई आधार बनाउँदा सडक पूर्वाधारमा पनि धेरै क्षति पुगेको देखिन्छ ।

धेरै ठाउँमा बाँस भ्याङसहितको पहिरो झरेको छ। इलाम नगरपालिका-५ मा बाँसको भ्याङसहित पहिरो झरेर पुर्दा एकै घरका ६ जनाको ज्यान गएको छ। माङसेबुङमा पनि बाँसको भ्याङ नै झरेर मानवीय क्षति भएको छ। सानासाना पहिरोले घर पुरेको छ। विशेषगरी बाँसको भ्याङ झरेर पहिरो आएका छन् । सन्दकपुर गाउँपालिकामा चारवटा पहिरोले पुरेर ६ जनाको मृत्यु भएको छ भने एक जनालाई बाढीले बगाएको छ । दसैंका बेला परेकाले परिवारका सबै भेला भएर मानिसहरू सुतिरहेको रातको समयमा पहिरो गएकाले पनि धेरै क्षति भएको हो । विस्थापित परिवारलाई राहत वितरणको काम भइरहे पनि सडक भत्किएका कारण राहत वितरणमा समस्या छ ।

### पाँच मोटरेबल र एक झोलुंगे पुलमा क्षति

बाढीले इलाममा दुईवटा पक्की पुलसहित पाँचवटा मोटरेबल र एक झोलुंगे पुलमा क्षति पुऱ्याएको छ । बाढीले मेची करिडोर (केचना-कञ्चनजंघा सडक) अन्तर्गत बेलासेस्थित इलाम नगरपालिका-११ सोयाक र माई नगरपालिका-९ चिसोपानी जोड्ने माईखोलाको पक्की पुल भाँचेको छ। बाढीले सोही सडकअन्तर्गत इलाम नगरपालिका-९ र ११ जोड्ने पुवाखोलाको बेलिब्रिज बगाएको सडक डिभिजन इलामका डिभिजन प्रमुख इन्जिनियर पवन भट्टराईले जानकारी दिए । सो बेलिब्रिज गत वर्षमा मात्र निर्माण गरिएको थियो ।

त्यस्तै, मंगलबारे-गजुरमुखी-इभाङ-चतुरे सडकअन्तर्गत गजुरमुखीधामस्थित देउमाई नगरपालिका र माङसेबुङ गापालिका जोड्ने देउमाई खोलाको पक्की पुल क्षतिग्रस्त बनाएको छ। त्यस्तै, सिमलगोलाइ-जोगमाई-तिल्केनी सडकअन्तर्गत जोगमाई खोलाको बेलिब्रिजसमेत बगाएको छ । सो बेलिब्रिज पनि गएको वर्ष मात्र निर्माण गरिएको थियो । त्यस्तै, मेची राजमार्गअन्तर्गत राजदुवालीस्थित इलाम नगरपालिका-९ र १० जोड्ने माईखोलाको पक्की पुलमा समेत क्षति पुऱ्याएको डिभिजन प्रमुख भट्टराईले बताए। बाढीले इलामको गजुरमुखीधामस्थित माङसेबुङ गाउँपालिका र देउमाई नगरपालिका जोड्ने देउमाई खोलाको झोलुंगे पुल बगाएको छ ।

### विद्युत् अवरुद्ध

वर्षापछिको बाढी र पहिरोले १८ असोज रातिदेखि नै इलाम जिल्लाभर विद्युत् अवरुद्ध बन्यो । झापाबाट आउने १२५ केभी प्रसारण लाइनका ३४ र ३५ नम्बर पिलरबाट तार झरेका कारण मुख्य मार्ग नै अवरुद्ध भएको कारण विद्युत् सञ्चालनमा समस्या भएको थियो। अहिले इलाम विद्युत् सहज बनाउने काम भइरहेको नेपाल विद्युत् प्राधिकरणको इलाम वितरण केन्द्रले जनाएको छ । तर, जिल्लाको सबै ठाउँमा बिजुली चालू हुन कति समय लाग्न भन्ने यकिन नभएको उनको भनाइ छ ।

### ठूलो पानीले क्षति

इलाममा धेरै क्षति हुनुको मुख्य कारण ठूलो पानी पर्नु नै रहेको प्रारम्भिक अनुमान गरिएको इलामका प्रहरी प्रमुख एसपी एकनारायण कोइरालाले बताए । जल तथा मौसम विज्ञान विभागको रेकर्डअनुसार पनि इलाममा अति भारी वर्षा भएको देखिन्छ। विभागका अनुसार १८ असोज बिहान ८:४५ बजेदेखि १९ असोज बिहान ८:४५ बजेसम्मको २४ घण्टाको अवधिमा इलामको सूर्योदय नगरपालिकामा रहेका हिमाली गाउँ केन्द्रमा ३३२ दशमलव ६, कन्याम टी-स्टेट केन्द्रमा ३१४ दशमलव २ र इलाम टी-स्टेट केन्द्रमा २८० दशमलव २ मिलिमिटर पानी परेको छ । हिमाली गाउँ केन्द्रमा ४२ वर्षपछिको र इलाम टी-स्टेट केन्द्रमा २८ वर्षपछिको कीर्तिमानी वर्षा भएको हो । पहाडी क्षेत्रमा २४ घण्टामा १ सय मिलिमिटरभन्दा धेरै वर्षा हुनुलाई अति जोखिम मानिन्छ ।

### राजदुवालीमा सडक खुलाइँदै

राजदुवालीको डेढ किलोमिटर मेची राजमार्ग खुलाउने काम सुरु भएको छ । बिहीबारबाट सडक खुलाउने काम सुरु भए पनि निकै जोखिम रहेका कारण यस खण्डमा काम गर्दै हेर्दै गर्नुपर्ने अवस्था रहेकाले कति समयमा खुल्छ भन्ने यकिन छैन । यहाँ ठूलो पहिरो बगिरहेको छ, काम गर्दैजाँदा कति भत्किन्छ ? कति अडिन्छ ? हेर्दै काम गर्नुपर्ने अवस्था छ, त्यसैले यहाँको अवरोध यति समयमा खुल्छ भन्न कठिन छ ।

गत वर्ष असोजमा पहिरो झरेकै ठाउँमा यसपटक थपिएकाले बाटो निकाल्न मुस्किल भएको सडक डिभिजनले जनाएको छ। 'अहिले राजमार्गको राजदुवाली खण्डबाहेक सबै खुलिसकेको छ,' डिभिजन प्रमुख भट्टराईले भने, 'काम सुरु भइसकेको लगातार काम भइरहने र दुई-तीन दिनभित्र खुलाउने प्रयास हुनेछ ।' राजदुवाली पुलको वारि र पारि नै बाढीले केही क्षति गरे पनि अहिले नै पुल नबिग्रिएको डिभिजनले जनाएको छ ।

पुलविज्ञ नरेश केसरीले बुधबार निरीक्षण गर्दै तत्काललाई पुलमा ठूलो समस्या नभएकाले त्यसैलाई सञ्चालन गर्न सकिने सुझाव दिएको भट्टराईले जानकारी दिए । यो पहिरोका कारण यात्रुहरूले हिँडेर वारपार गर्नुपरेको छ भने खाद्यान्नका सामग्री ल्याउन समस्या भएको छ । मेची क्षेत्रको 'लाइफलाइन' मानिने मेची राजमार्ग अवरुद्ध हुँदा खाद्यान्न र उपभोग्य सामग्री ढुवानीमा समेत समस्या हुने देखिएको हो। मेची राजमार्ग झापा-इलाम-पाँचथर र ताप्लेजुङ जोड्ने मुख्य पक्की मार्ग हो । यसबाहेक यस क्षेत्रको निर्माणाधीन केचना-कञ्चनजंघा मार्ग पनि अवरुद्ध छ। ग्रामीण सडक र त्यहाँ आधा दर्जनभन्दा बढी पुल बगाउँदा स्थानीयलाई एउटा गाउँबाट अर्को गाउँ पुग्न तथा सदरमुकामसम्म आउजाउ गर्न समस्या छ ।


## लक्ष्मी सन्राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०६/२४**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी लाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा सूचित गराइन्छ ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानून बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति लगायत ऋणी लगायत सम्बन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालय : धरान, सुनसरी**

**ऋणीको नाम :** प्राइभेट फर्म/रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा प्रा.फ.नं. ३००७/०७०/०७१, मिति २०७१/०१/२५ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजस्व कार्यालय धरान, सुनसरी, पान नं. ६०१७८०८८४ भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ११, स्थित न्यू भगवती ट्रेडर्स ।

**प्रोपाइटर तथा धितो जमानतकर्ता :** शिव प्रसाद साह तेलीको बुहारी, दिनानाथ साहको छोरी, त्रिलोकी साह तेलीको पत्नी, सुनसरी जिल्ला, दहवी गा.पा. वडा नं. ३ हाल धरान गा.पा. वडा नं. ११ बस्ने **संजु साह** (ना.प्र.नं. ०६१००९/१२५४९८, जि.प्र.का. सुनसरी, जारी मिति २०६४/११/२७) ।

**व्यक्तिगत जमानतकर्ता : *** श्याम सुन्दर साहको नाति, शिव प्रसाद साह तेलीको छोरा, सुनसरी जिल्ला, दुहवी न.पा./गा.पा. वडा नं. ३ भई हाल धरान गा.पा. वडा नं. ११ बस्ने **त्रिलोकी साह तेली** (ना.प्र.नं. ०६३००९/५६९, जि.प्र.का. सुनसरी, जारी मिति २०६३/१०/०६) ।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानीकर्ता संजु साह**को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा./गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. २२०२ र २२०० स्थित कित्ता नं. २२१५ र २२१० को क्षेत्रफल क्रमशः ०-०-४ र ०-०-१ (विगाहा) भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाइपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु ।

**शाखा कार्यालय : सिम्ता, सुर्खेत**

**ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रार ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, सुर्खेतमा दर्ता नं. ३३६८/०७४/७५, मिति २०७४/०४/०९ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय, सुर्खेत, स्थायी लेखा नम्बर (पान) नं. ६१४४६२६६५ भएको सुर्खेत जिल्ला, सिम्ता गा.पा. वडा नं. ५ स्थित **डि.के. कृषि फर्म** ।

**प्रोप्राइटरको विवरण :** हरिलाल खत्रीको बुहारी, दल बहादुर जैसीको छोरी, डिकेन्द्र के.सी. को पत्नी, जाजरकोट जिल्ला, डाडागाउँ गा.वि.स. वडा नं. ४ भई हाल सुर्खेत जिल्ला, सिम्ता गा.पा. वडा नं. ५ बस्ने **अन्जना गौतम** (ना.प्र.नं. ६२१०११/१७०, जि.प्र.का. जाजरकोट, जारी मिति २०६७/०४/१४) ।

**धितो जमानतकर्ता : *** लाल बहादुर खत्रीको नाति, दल बहादुर खत्रीको छोरा, सुर्खेत जिल्ला, बजेडीचौर गा.वि.स. वडा नं. ८ भई हाल सिम्ता गा.पा. वडा नं. ५ बस्ने **हरिलाल खत्री** (ना.प्र.नं. ९३८८, जि.प्र.का. सुर्खेत, जारी मिति २०४४/०१/०६) ।

**व्यक्तिगत जमानतकर्ता : *** दल बहादुर खत्रीको नाति, हरिलाल खत्रीको छोरा, सुर्खेत जिल्ला, बजेडीचौर गा.वि.स. वडा नं. ४ भई हाल सिम्ता गा.पा. वडा नं. ५ बस्ने **डिकेन्द्र के.सी.** (ना.प्र.नं. ६४१०४२/१०८५३४, जि.प्र.का. सुर्खेत, जारी मिति २०६८/०७/१७) ।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानतकर्ता हरिलाल खत्री**को नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, बजेडीचौर गा.वि.स./न.पा. वडा नं. ९, नक्सा सिट नं. ९ ख स्थित कित्ता नं. १९० को क्षेत्रफल ०-४-०-१ (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु ।

**शाखा कार्यालय : सिमरा, बारा**

**ऋणीको नाम :** गोबर्धन साह कामीको नाति, सुकदेव साह कामीको छोरा, बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ४ भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३२ बस्ने **दीप नारायण सा कामी** (ना.प्र.नं. १३२०/०१९६, जि.प्र.का. बारा, जारी मिति २०४२/०९/२८) ।

**धितो जमानतकर्ता : *** किसुन ठाकुर कामीको छोरी, सुकदेव साह कामीको बुहारी, दीप नारायण सा कामीको पत्नी, बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ४ भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३२ बस्ने **मिना देवी विक** (ना.प्र.नं. ३३-०१-७४-०७६८३, जि.प्र.का. बारा, जारी मिति २०७४/०८/०५) ।

**व्यक्तिगत जमानतकर्ता : *** सुकदेव साह कामीको नाति, दीप नारायण सा कामीको छोरा, बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ४ भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३२ बस्ने **दीपेश विश्वकर्मा** (ना.प्र.नं. ३३-०१-७४-०७९२८, जि.प्र.का. बारा, जारी मिति २०७४/०८/१३) ।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता श्रीमति मिना देवी बिक**को नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, चोर्नी गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ११८६ को क्षेत्रफल ११८.५१ (ब.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : टाँडी, चितवन**

**ऋणीको नाम :** गिरीधारी बास्तोलाको बुहारी, कृष्ण प्रसाद बास्तोलाको पत्नी, तनहुँ जिल्ला, व्यास गा.वि.स./न.पा. वडा नं. ५ भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ४ बस्ने **दिपिका पोखेल बास्तोला** (ना.प्र.नं. ४३१००१/६५६, जि.प्र.का. तनहुँ, जारी मिति २०६७/०८/१२) ।

**व्यक्तिगत जमानतकर्ता : *** विष्णु प्रसाद बास्तोलाको नाति, गिरीधारी बास्तोलाको छोरा, तनहुँ जिल्ला, व्यास गा.वि.स./न.पा. वडा नं. ५ भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ४ बस्ने **कृष्ण प्रसाद बास्तोला** (ना.प्र.नं. ८७५३४, जि.प्र.का. तनहुँ, जारी मिति २०५७/१०/०४) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता दिपिका पोखेल बास्तोला**को नाममा मालपोत कार्यालय भरतपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, साबिक देबौली गा.वि.स/न.पा. वडा नं. १, नक्सा सिट नं. १ ख स्थित कित्ता नं. १०५७ को क्षेत्रफल ०-०-११.२५-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालय : बेसिशहर, लमजुङ**

**ऋणीको नाम :** भक्त बहादुर घर्तीको बुहारी, शिव बहादुर घर्तीको पत्नी, लमजुङ जिल्ला, चक्रतिर्थ गा.वि.स. वडा नं. ९ भई हाल राईनास न.पा. वडा नं. ५ बस्ने **गिता घर्ति** (ना.प्र.नं. ४५३०४६/४३०, जि.प्र.का. लमजुङ, जारी मिति २०६३/११/२३) ।

**धितो जमानतकर्ता : *** मुसे घर्तीको नाति, भक्त बहादुर घर्तीको छोरा, लमजुङ जिल्ला, चक्रतिर्थ गा.वि.स. वडा नं. ९ भई हाल राईनास न.पा. वडा नं. ५ बस्ने **शिव बहादुर घर्ती** (ना.प्र.नं. ४६४६७, जि.प्र.का. लमजुङ, जारी मिति २०६०/०५/२६) ।

**व्यक्तिगत जमानतकर्ताहरु : ***

**क.** भक्त बहादुर घर्तीको नाति, शिव बहादुर घर्तीको छोरा, लमजुङ जिल्ला, चक्रतिर्थ गा.पा. वडा नं. ९ भई हाल राईनास न.पा. वडा नं. ५ बस्ने **दिपक भुजेल** (ना.प्र.नं. ४५-०१-७०-०३१७९, जि.प्र.का. लमजुङ, जारी मिति २०७०/०९/०५) ।

**ख.** भक्त बहादुर घर्तीको नाति, शिव बहादुर घर्तीको छोरा, लमजुङ जिल्ला, चक्रतिर्थ गा.पा. वडा नं. ९ भई हाल राईनास न.पा. वडा नं. ५ बस्ने **प्रेम घर्ती** (ना.प्र.नं. ४५-०१-७३-०४०४७, जि.प्र.का. लमजुङ, जारी मिति २०७३/०९/०७) ।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता शिव बहादुर घर्ती**को नाममा मालपोत कार्यालय लमजुङको लगतमा दर्ता श्रेष्ता कायम रहेको लमजुङ जिल्ला, चक्रतिर्थ गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ५२५ को क्षेत्रफल ६-७-२-० (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : बनेपा, काभ्रे**

**१. ऋणीको नाम :** विष्णु भक्त श्रेष्ठको नाति, कृष्ण भक्त श्रेष्ठको छोरा, काभ्रेलाञ्चोक जिल्ला, पनौती न.पा. वडा नं. ६ बस्ने **श्याम सुन्दर श्रेष्ठ** (ना.प्र.नं. १५८९८, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०४२/०६/२४) ।

**व्यक्तिगत जमानकर्ता : *** कृष्ण भक्त श्रेष्ठको बुहारी, हेरा बहादुर सिल्पाकारको छोरी, श्याम सुन्दर श्रेष्ठको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, पनौती न.पा. वडा नं. ६ बस्ने **मिश्री श्रेष्ठ** (ना.प्र.नं. ५९४२८, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०५२/०८/१९) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता श्याम सुन्दर श्रेष्ठ**को नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, चलाल गणेशस्थान न.पा./गा.पा. वडा नं. ९, नक्सा सिट नं. ९ क स्थित कि.नं. २६१, २६५ र २६७ को क्षेत्रफल क्रमशः २-७-३-३, ५-१२-३-० र ७-६-३-० (रोपनी) भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. संयूक्त ऋणीहरुको नाम :**

**क.** विष्णु भक्त श्रेष्ठको नाति, कृष्ण भक्त श्रेष्ठको छोरा, काभ्रेलाञ्चोक जिल्ला, पनौती न.पा. वडा नं. ६ बस्ने **श्याम सुन्दर श्रेष्ठ** (ना.प्र.नं. १५८९८, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०४२/०६/२४) ।

**ख.** कृष्ण भक्त श्रेष्ठको बुहारी, हेरा बहादुर सिल्पाकारको छोरी, श्याम सुन्दर श्रेष्ठको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, पनौती न.पा. वडा नं. ६ बस्ने **मिश्री श्रेष्ठ** (ना.प्र.नं. ५९४२८, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०५२/०८/१९) ।

**धितो सुरक्षणको विवरण : संयुक्त ऋणी मध्ये धितो जमानतकर्ता मिश्री श्रेष्ठ**को नाममा मालपोत कार्यालय भक्तपुर जिल्लाको लगतमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला, चलान चित्तपोल गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६ घ स्थित कि.नं. ३९० को क्षेत्रफल ०-३-२ (रोपनी) भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : जलेश्वर, महोत्तरी**

**ऋणीको नाम :** सुखदेव रायको नाति, राम प्रताप राय भुमिहारको छोरा, महोत्तरी जिल्ला, पर्सापतैली न.पा./गा.पा. वडा नं. ६ भई हाल जलेश्वर न.पा. वडा नं. ५ बस्ने **ललन कुमार राय (भुमिहार)** (ना.प्र.नं. ७००७१५४८, जि.प्र.का. महोत्तरी, जारी मिति २०५०/०२/१३) ।

**व्यक्तिगत जमानतकर्ता : *** राम प्रताप राय भुमिहारको बुहारी, ललन कुमार राय (भुमिहार) को पत्नी, महोत्तरी जिल्ला, पर्सापतैली गा.वि.स. वडा नं. ६ भई हाल जलेश्वर न.पा. वडा नं. ५ बस्ने **ममता कुमारी शर्मा** (ना.प्र.नं. १८३००७/३३, जि.प्र.का. महोत्तरी, जारी मिति २०६३/११/०३) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता ललन कुमार राय (भुमिहार)** को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, पर्सापतैली गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ९२ को क्षेत्रफल ३५३.२ (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : धनगढी (शहिद गेट), कैलाली**

**संयूक्त ऋणीहरुको नाम :**

**क.** बुधराम डगौराको नाति, दुखीराम डगौराको छोरा, कञ्चनपुर जिल्ला, रौ.वि. न.पा./गा.वि.स वडा नं. ८ भई हाल बेलौरी न.पा. वडा नं. ७ बस्ने **जयराम डगौरा** (ना.प्र.नं. ७८८५११८७, जि.प्र.का. कञ्चनपुर, जारी मिति २०३४/०१/१९) ।

**ख.** दुखीराम डगौराको नाति, जयराम डगौराको छोरा, कञ्चनपुर जिल्ला, श्रीपुर न.पा./गा.वि.स. वडा नं. १ भई हाल बेलौरी न.पा. वडा नं. ७ बस्ने **विक्रम चौधरी** (ना.प्र.नं. ५०४, जि.प्र.का. कञ्चनपुर, जारी मिति २०५५/१०/२८) ।

**धितो सुरक्षणको विवरण :**

**१. संयुक्त ऋणी मध्ये धितो जमानतकर्ता जयराम डगौरा**को नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुर, को लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, श्रीपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ४४२ को क्षेत्रफल ४५५५ (व.मी.) भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. यस बैंकको नाममा दर्ता कायम रही **ऋणी जयराम डगौरा र विक्रम चौधरी** जनिएको मोडेल Escorts PT EURO-55 SM,2018, च्यासिस नं. T053416819HG इन्जिन नं. E3466836 भएको सवारी दर्ता नं. से.२.त.३१७६ को भाडा/निजी सवारी साधन थान १ ।

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालय : आदर्शनगर, वीरगंज, पर्सा**

**ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथ आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयमा दर्ता नं. ३७८७५/०७५/७६, मिति २०७५/१०/१५ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको राजश्व कार्यालय वीरगंज, पर्सा, पान नं. ६०९१४७७९९ भएको पर्सा जिल्ला, वीरगंज .म.न.पा. वडा नं. ६ स्थित **आर.के. एण्ड सन्स** ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता :** महादेव साह सोनारको नाति, रामनाथ साह सोनारको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा./न.पा. वडा नं. १२ भई हाल वीरगंज म.न.पा. वडा नं. १२ बस्ने **संदीप सरार्फ** (ना.प्र.नं. ३४१०२२/१३६३१, जि.प्र.का. पर्सा, जारी मिति २०६८/०३/१५) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता : *** महादेव साह सोनारको बुहारी, रामनाथ साह सोनारको पत्नी, पर्सा जिल्ला, बगही उ.म.न.पा./गा.पा. वडा नं. ३ भई हाल वीरगंज म.न.पा. वडा नं. १२ बस्ने **कान्ती देवी सोनारीन** (ना.प्र.नं. २५२, जि.प्र.का. पर्सा, जारी मिति २०४८/११/२२) ।

**व्यक्तिगत जमानतकर्ताहरु : ***

**क.** महादेव साह सोनारको नाति, रामनाथ साह सोनारको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १२ भई हाल वीरगंज म.न.पा. वडा नं. १२ बस्ने **प्रदिप सरार्फ** (ना.प्र.नं. ३४१०२२/१५१५४, जि.प्र.का. पर्सा, जारी मिति २०६८/०८/२८) ।

**ख.** ठेंगी साह सोनारको नाति, महादेव साह सोनारको छोरा, पर्सा जिल्ला, बगही उ.म.न.पा./गा.पा. वडा नं. ३ भई हाल वीरगंज म.न.पा. वडा नं. १२ बस्ने **रामनाथ साह सोनार** (ना.प्र.नं. ०४४६२०२५, जि.प्र.का. पर्सा, जारी मिति २०४७/०१/११) ।

**ग.** महादेव साह सोनारको नाति, रामनाथ साह सोनारको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा./गा.पा. वडा नं. ३ भई हाल वीरगंज म.न.पा. वडा नं. १२ बस्ने **रंजीत साह सोनार** (ना.प्र.नं. ०४४६३०५१, जि.प्र.का. पर्सा, जारी मिति २०६१/०१/२१) ।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानतकर्ता कान्ती देवी सोनारीन**को नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज म.न.पा./उ.म.न.पा. वडा नं. ११, नक्सा सिट नं. ११३०३९००५ र ११३०३५०२५ स्थित कित्ता नं. २ र १०८ को क्षेत्रफल क्रमशः २९.५० र २५.२० (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. धितो जमानतकर्ता कान्ती देवी सोनारीन**को नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज म.न.पा./उ.म.न.पा. वडा नं. १४, नक्सा सिट नं. ११३०३५०१४ स्थित कित्ता नं. ७ को क्षेत्रफल क्रमशः ८२.८० (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. धितो जमानतकर्ता कान्ती देवी सोनारीन**को नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज म.न.पा./उ.म.न.पा. वडा नं. १२, नक्सा सिट नं. ११३०३५०१५ स्थित कित्ता नं. १३९ को क्षेत्रफल ७९.७० (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**३.** बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु ।

**२. ऋणीको नाम :** महादेव साह सोनारको बुहारी, रामनाथ साह सोनारको पत्नी, पर्सा जिल्ला, बगही उ.म.न.पा./गा.पा. वडा नं. ३ भई हाल वीरगंज म.न.पा. वडा नं. १२ बस्ने **कान्ती देवी सोनारीन** (ना.प्र.नं. २५२, जि.प्र.का. पर्सा, जारी मिति २०४८/११/२२) ।

**व्यक्तिगत जमानतकर्ताहरु : ***

**क.** महादेव साह सोनारको नाति, रामनाथ साह सोनारको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा./न.पा. वडा नं. १२ भई हाल वीरगंज म.न.पा. वडा नं. १२ बस्ने **संदीप सरार्फ** (ना.प्र.नं. ३४१०२२/१३६३१, जि.प्र.का. पर्सा, जारी मिति २०६८/०३/१५) ।

**ख.** महादेव साह सोनारको नाति, रामनाथ साह सोनारको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १२ भई हाल वीरगंज म.न.पा. वडा नं. १२ बस्ने **प्रदिप सरार्फ** (ना.प्र.नं. ३४१०२२/१५१५४, जि.प्र.का. पर्सा, जारी मिति २०६८/०८/२८) ।

**ग.** ठेंगी साह सोनारको नाति, महादेव साह सोनारको छोरा, पर्सा जिल्ला, बगही उ.म.न.पा./गा.पा. वडा नं. ३ भई हाल वीरगंज म.न.पा. वडा नं. १२ बस्ने **रामनाथ साह सोनार** (ना.प्र.नं. ०४४६२०२५, जि.प्र.का. पर्सा, जारी मिति २०४७/०१/११) ।

**घ.** महादेव साह सोनारको नाति, रामनाथ साह सोनारको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा./गा.पा. वडा नं. ३ भई हाल वीरगंज म.न.पा. वडा नं. १२ बस्ने **रंजीत साह सोनार** (ना.प्र.नं. ०४४६३०५१, जि.प्र.का. पर्सा, जारी मिति २०६१/०१/२१) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता कान्ती देवी सोनारीन**को नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज म.न.पा./उ.म.न.पा. वडा नं. १४, नक्सा सिट नं. ११३०३५१०६ स्थित कित्ता नं. ६४ को क्षेत्रफल ३७१.२ (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : फर्पिङ्ग, काठमाडौं**

**ऋणीको नाम :** मान बहादुर स्याङ्तानको नाति, श्याम बहादुर स्याङ्तानको छोरा, मकवानपुर जिल्ला, कुलेखानी गा.वि.स. वडा नं. ७ भई हाल इन्द्रसरोवर गा.पा. वडा नं. २ बस्ने **कृष्ण मान स्याङतान** (ना.प्र.नं. ३११०२७/९१९६०, जि.प्र.का. मकवानपुर, जारी मिति २०६८/०९/२७) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता : *** मान बहादुर स्याङ्तानको बुहारी, श्याम बहादुर स्याङ्तानको पत्नी, मकवानपुर जिल्ला, कुलेखानी गा.वि.स. वडा नं. ७ भई हाल इन्द्रसरोवर गा.पा. वडा नं. २ बस्ने **ठूली स्याङतान** (ना.प्र.नं. २५१, जि.प्र.का. मकवानपुर, जारी मिति २०४४/११/२२) ।

**व्यक्तिगत जमानतकर्ताहरु : ***

**क.** मान बहादुर स्याङ्तानको नाति, श्याम बहादुर स्याङ्तानको छोरा, मकवानपुर जिल्ला, कुलेखानी गा.वि.स वडा नं. ७ भई हाल इन्द्रसरोवर गा.पा. वडा नं. २ बस्ने **राज स्याङतान** (ना.प्र.नं. ३११०२७/७१३२८, जि.प्र.का. मकवानपुर जारी मिति २०६७/०२/०५) ।

**ख.** श्याम बहादुर स्याङ्तानको बुहारी, कृष्ण मान स्याङ्तानको पत्नी, मकवानपुर जिल्ला, इन्द्रसरोवर गा.पा. वडा नं. २ बस्ने **कुमारी स्याङतान** (ना.प्र.नं. ३१-०१-७७-०३४५८, जि.प्र.का. मकवानपुर, जारी मिति २०७७/०८/२९) ।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता ठूली स्याङतान**को नाममा मालपोत कार्यालय शिखरकोट, मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, टोड्के गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ८२५ को क्षेत्रफल ६-११-२-१ (रोपनी) भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो ।**

**नोट :** ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

# आमनिर्वाचन, आवश्यकता र आशंका

**•यही परिस्थितिमा जेनजीले उठाएको प्रत्यक्ष निर्वाचित कार्यकारीको भने निर्वाचन हुनसक्दैन । शासकीय प्रबन्धका लागि संविधान संशोधन जरुरी छ । प्रतिनिधिसभा नै नभएको अवस्थामा 'यो सम्भव छैन' भन्ने जेनजी समूहलाई बेलैमा बुझाउन जरुरी छ । अन्यथा, परम्परागत संसदीय निर्वाचन र प्रत्यक्ष कार्यकारी निर्वाचनबीच तालमेल नहुँदा स्वार्थ बाझिनसक्छ**



नगेन्द्रराज पौडेल
paudel.nagendra@gmail.com

- **यतिबेला '२१ फागुनमै निर्वाचन हुन्छ वा हुँदैन ?' भन्ने आमनागरिकमा संशय पैदा भएको छ । 'के जेनजी आन्दोलन २०८४ सालको निर्वाचन २०८२ सालमा गर्नका लागि मात्र भएको थियो त ?' उनीहरूले त प्रत्यक्ष निर्वाचित कार्यकारीको माग पनि गरेका छन् । सांसदको सट्टा विज्ञबाट मन्त्री बनाउनुपर्ने माग राखेका छन् । सुशासन माग छ, उनीहरूको । उनीहरूका यी माग पूरा भएकै छैनन् । तर, पुरानै ढर्राको संसद्को संरचना, पुरानै निर्वाचन पद्धति र पाराले के जेनजीका शहीदका सपना पूरा हुन सक्लान् ? कदापि सक्दैन । यसो हो भने 'यसप्रकारको निर्वाचन किन र केका लागि ?' भन्ने थप प्रश्न उब्जिएको छ ।**

- **राष्ट्रपतिले देशमा उत्पन्न विषम परिस्थिति दृष्टिगत गरी ६ महिनाभित्र प्रतिनिधिसभा निर्वाचन गराउनेगरी तत्काललाई राजनीतिक निकास दिएको प्रसंग उल्लेख गर्दै तोकिएको समयसीमाभित्रै प्रतिनिधिसभा निर्वाचन सम्पन्न गरी दिगो ढंगबाट राजनीतिक निकास दिने पक्षमा चालिएको कदममा सहयोग पुऱ्याउन सम्बद्ध सबै पक्षसँग अनुरोध गरिसकेका छन् । यसकारण अबको उद्देश्य निर्वाचन नै हुनुपर्छ । सबै राजनीतिक दल, मुलुकको प्रशासन तथा व्यवस्थापनमा आबद्ध निकाय, बौद्धिक समुदाय र नागरिकसमेत असहमति र द्वन्द्व छाडेर पूर्वाग्रहरहित भई समन्वय र सहकार्यका साथ आसन्न निर्वाचनका लागि कटिबद्ध हुनैपर्छ ।**

- **हाम्रो संविधानको प्रस्तावनामा 'जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, बालिग मताधिकार, आवधिक निर्वाचन, संघीय लोकतान्त्रिक शासन व्यवस्थाका माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धि आकांक्षा पूरा गर्न संविधानसभाबाट संविधान जारी गर्दछौं,' भनिएको छ । यसबाट पनि के कुरा प्रस्ट हुन्छ भने लोकतन्त्रका लागि निर्वाचन आवश्यक प्रक्रिया नै हो । यसलाई छलेर अघि बढ्न सकिँदैन । सरकार कम्तीमा जनअनुमोदन नै हुनुपर्छ । यसका लागि निर्वाचन मात्र उपाय हो ।**




गत २३ र २४ भदौको जेनजी प्रदर्शनका क्रममा अप्रिय, अकल्पनीय र दूरगामी प्रभाव पऱ्यो । प्रदर्शनको २४ घण्टा नबित्दै दर्जनौं युवाको सुरक्षाकर्मीको गोली लागेर मृत्यु भयो । देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार मात्र जलेन, मोफसलका सयौं सार्वजनिक सम्पत्ति नष्ट भए । प्रहरीसँगको मुठभेडका अलावा भगुवा कैदीबन्दी र आगजनी भएका घरमा जलेका समेत गणना गर्दा आजसम्म ७६ जनाको मृत्यु भइसकेको छ भने २ सयन्दा बढी घाइते छन् ।

प्रदर्शनका क्रममा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले राजीनामा दिई पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वमा कुनै पनि दलसँग आबद्ध नरहेका विज्ञसम्मिलित मन्त्रिमण्डल गठन गरियो । प्रधानमन्त्रीकै सिफारिसमा राष्ट्रपतिले आगामी २१ फागुनमा निर्वाचन गर्नेगरी प्रतिनिधिसभा भंग गरे । प्रतिनिधिसभा विघटनसँगै विभिन्न राजनीतिक दलले 'संविधान पालना हुन नसकेको' भन्दै विरोध जनाएका छन् । सर्वोच्च अदालतमा 'प्रतिनिधिसभा विघटन गैरसंवैधानिक कदम भएकाले खारेज गरी पुनःस्थापित गरिपाऊँ' भनी रिटसमेत दायर गरिएको छ । तर, प्रतिनिधिसभा विघटन र अन्तरिम सरकार निर्माण निकै सोच विचारसाथ चालिएको कदम मान्न सकिन्छ । किनभने नेपालकै इतिहासमा यति छोटो समयमा यति धेरै जनधन विनाश यसअघिका आन्दोलनमा सायदै भएका हेलान् । निर्वाचन आयोगले केही दिनअघि मात्र निर्वाचन कार्यतालिका सार्वजनिक गरिसकेको छ ।

**निर्वाचन आवश्यकता**

अन्ततः लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र नै हो । लोकतन्त्र सुदृढीकरणका लागि आवधिक निर्वाचन महत्त्वपुर्ण कडी मानिन्छ । यसपटक त अझै २०८४ सालमा हुनुपर्ने निर्वाचन २ वर्षअघि सार्नेगरी प्रतिनिधिसभा नै भंग गरिएको छ । लोकतन्त्रमा जननिर्वाचित संस्था आवश्यक हुन्छ नै । निरंकुशताबाट मुलुक जोगाउन पनि जननिर्वाचित संस्था बहाली हुन जरुरी छ । यसका लागि घोषित मितिमा निर्वाचन हुनेगरी निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिका एक हदसम्म सकारात्मक छ ।

**संशय किन ?**

यतिबेला '२१ फागुनमै निर्वाचन हुन्छ वा हुँदैन ?' भन्ने आमनागरिकमा संशय पैदा भएको छ । 'के जेनजी आन्दोलन २०८४ सालको निर्वाचन २०८२ सालमा गर्नका लागि मात्र भएको थियो त ?' उनीहरूले त प्रत्यक्ष निर्वाचित कार्यकारीको माग पनि गरेका छन् । सांसदको सट्टा विज्ञबाट मन्त्री बनाउनुपर्ने माग राखेका छन् । सुशासन माग छ, उनीहरूको । उनीहरूका यी माग पूरा भएकै छैनन् । तर, पुरानै ढर्राको संसद्को संरचना, पुरानै निर्वाचन पद्धति र पाराले के जेनजीका शहीदका सपना पूरा हुन सक्ला ? कदापि सक्दैन । यसो हो भने 'यसप्रकारको निर्वाचन किन र केका लागि ?' भन्ने थप प्रश्न उब्जिएको छ ।

यसैकारण घोषित निर्वाचनबारे आशंका जीवित नै छ । नेकपा माओवादीले प्रत्यक्ष निर्वाचित कार्यकारीसहितको निर्वाचनका पक्षमा आफूलाई अघि सारे पनि २१ फागुनको निर्वाचन धकेल्दा लोकतन्त्रमाथि थप खतरा हुने विचार व्यक्त गरिसकेको छ । प्रधानमन्त्री सुशीला कार्कीले 'घोषित मितिमा निर्वाचन हुन नसके पनि १५ दिनउता जाला, महिना दिन पर सर्ला तर निर्वाचन भइछाड्छ, हुनैपर्छ' भनेकी छन् ।

गृहमन्त्री ओमप्रकाश अर्याल 'भ्रष्टाचारीलाई कारबाही नगरी निर्वाचन सम्भव नहुने' बताउँछन् । नेकपा एमाले र नेपाली कांग्रेसले सरकारका हरेक काम कारबाहीमा प्रतिशोध देख्न थालेका छन् । ती पार्टीले जनमत आफ्नो पकडमा नभएको महसुस भएकाले सकभर निर्वाचन छलेर संसद् पुनःस्थापनाका पक्षमा अभिमत राखेका छन् । नेकपा एमालेको पछिल्लो निर्णयलाई आधार मान्ने हो भने केपी शर्मा ओलीलाई प्रधानमन्त्रीमा पुनर्स्थापित गर्दै प्रतिनिधिसभा ब्युताइँ पाउनका लागि सर्वोच्चमा जाने एमालेले तयारी गरिरहेको छ । उसले यस सम्बन्धमा पुरानो सहयात्री दल नेपाली कांग्रेससँग संवाद गर्ने जनाएको छ ।

सत्ता आलोपालो संस्कृतिमा लोभिएको नेपाली कांग्रेसले संसद् पुनःस्थापनापछि प्रधानमन्त्रीको पालो शेरबहादुर देउवाको पकडमा आउने सम्भावना पनि देखेको छ । यसकारण यी दुई दल मिलेर पुनःस्थापनाका लागि सर्वोच्च जाने सम्भावना पनि उत्तिकै बलियो छ । नेकपा माओवादीले भने 'संसद् पुनःस्थापनाको मुद्दाले नेपालको राजनीति थप गिजोलिने' भन्दै निर्वाचनमा जानुपर्ने मत अघि सारेको छ । तर संसद् पुनःस्थापना अहिलेको यही परिस्थितिमा सम्भव देखिँदैन । किनभने 'कुन परिवेशमा संसद् विघटन भएको थियो ?' भन्ने सर्वोच्चका न्यायमूर्ति सबैलाई जगजाहेर नै छ । एउटा फरक प्रसंगमा प्रधानन्यायाधीशले भनेका थिए, 'सरकारलाई हामीले सामाजिक सञ्जाललाई बन्द गर्न भनेका थिएनौं, नियमित गर्न भनेका थियौं ।' तर, सरकारले अदालतको समेत आदेशविपरीत बन्द गर्ने निर्णय गरेको थियो र जेनजी आन्दोलन हुनुको एउटा कारण सामाजिक सञ्जालमाथिको प्रतिबन्ध पनि थियो ।

उता, प्रदर्शनकारी जेनजीको समूह पनि बहु नेतृत्वका कारण दिनानुदिन विवादास्पद बन्दै गएको छ । एकथरि 'अन्तरिम संविधान बनाएर भए पनि प्रत्यक्ष कार्यकारीमा जानुपर्ने' भन्दै छ भने अर्को समूह 'यही संविधान जोगाउँदै अघि बढ्नुपर्ने' अडानमा छ । यही संविधानको 'स्प्रिड' आत्मसात् गर्दै जाने हो भने आगामी फागुनमा प्रत्यक्ष कार्यकारी निर्वाचन सम्भव देखिँदैन किनभने यसका लागि संविधानमा नै संशोधन गरी शासकीय प्रबन्धमा हेरफेर गर्नुपर्छ । यसो गर्न संविधान संशोधन जरुरी हुन्छ । संविधान संशोधन गर्न प्रतिनिधिसभा नै नभएको अवस्थामा सम्भव छैन । तसर्थ, आन्दोलनको बलमा शासकीय व्यवस्थामा परिवर्तन गरेर प्रत्यक्ष कार्यकारीमा जाने वा साबिककै ढर्रामा प्रतिनिधिसभा निर्वाचनमा जाने भन्ने विषयबीच मतैक्यता नै नभएको अवस्थामा निर्वाचन आयोगले प्रकाशित गरेको कार्यतालिकाबमोजिम निर्वाचन भइहाल्ला र यत्तिकैमा लोकतन्त्र बहाल होला भन्ने आशा पनि मृगमरिचिका मात्र हुनसक्छ । यसैले चुनावी आशंकालाई यी तथ्यले थप पुष्टि गरेका छन् ।

**अन्तरिम सरकार**

प्रतिनिधिसभा विघटनपूर्वको अवस्था कहालीलाग्दो थियो । गत २३ भदौको जनप्रदर्शनमा प्रहरीको गोली लागेर २१ जना (काठमाडौं १८, सुनसरी २ र पर्सा १) को ज्यान गइसकेको थियो । गत २४ भदौमा देशका विभिन्न स्थानमा भएका लुटपाट, आगजनीले सीमा नाघेको थियो । गत २३ भदौमा सुरु आन्दोलनले २४ भदौको मध्याह्नसम्म राज्यका तीनवटै अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामाथि गरेको आक्रमण र आगजनीका कारण ती निकाय प्रभावहीन भइसकेका थिए । मोफसलमा पनि विभिन्न संघसंस्था, स्थानीय तहका भौतिक संरचनामाथि आक्रमण र आगजनी भइसकेको थियो । प्रधानमन्त्रीलगायत राजनीतिक दलका नेतृत्वलाई सेना-प्रहरीले सुरक्षा दिएर राख्नुपर्ने स्थिति आयो । एक किसिमले जेनजी आन्दोलनमा व्यापक घुसपैठ भयो । निवर्तमान प्रधानमन्त्री ओलीका शब्दमा 'मेरा हातमा केही नरहेपछि राजीनामा दिएँ ।'

कसरी गुम्यो प्रधानमन्त्रीका हातबाट सबै कुरा ? विचारणीय छ । आन्दोलनलाई गलत उद्देश्यले गलत मार्गतिर मोड्ने काम केही आपराधिक गतिविधि गर्ने समूहले गरे । वास्तविक जेनजी आगजनीमा उत्रे भनेर विश्वास गर्न सकिँदैन । जहाँसम्म पहिलो दिन प्रहरीको गोली लागेर काठमाडौंमा १८ जनाको मृत्यु भएको घटना छ, निवर्तमान प्रधानमन्त्री ओलीले 'प्रहरीलाई त्यसरी गोली चलाउने आदेश नभएको र जसरी गोली हानी हत्या गरिएको छ, ती हतियार प्रहरीको नभएको' दाबी गरेका छन् ।

यो तथ्य हेर्दा गत २३ र २४ भदौको दुवै घटनामा अदृश्य शक्तिको घुसपैठ त भएन ? आशंका गर्ने ठाउँ छ । वर्तमान सरकारले घटना छानबिनका लागि गठन गरेको न्यायिक आयोगको प्रतिवेदनपश्चात् मात्र यससम्बन्धमा थप तथ्य बाहिर आउनेछन् । अनि मात्र थप रहस्योद्‌घाटन हुँदैजाला । अन्तरिम सरकार गठनपश्चात् राष्ट्रपतिद्वारा जारी विज्ञप्तिमा 'बडो जुक्तिले प्राप्त अवसर सदुपयोग गर्दै जनता रिझाउने र आफैंमा सम्हालिँदै आगामी २१ फागुनमा हुने निर्वाचन सम्पन्न गराउने काममा सहयोग गर्न सबै पक्षलाई हार्दिक अपिल गर्दछु' भनिएको छ । यसबाट पनि तत्कालीन अवस्था निकै संशयपूर्ण रहेको र सहज निकासका लागि गरिएको प्रयास कम आँकलन गर्न नहुने देखिन्छ ।

हाम्रो संविधानको प्रस्तावनामा 'जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, बालिग मताधिकार, आवधिक निर्वाचन, संघीय लोकतान्त्रिक शासन व्यवस्थाका माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धि आकांक्षा पूरा गर्न संविधानसभाबाट संविधान जारी गर्दछौं' भनिएको छ । यसबाट पनि के कुरा प्रस्ट हुन्छ भने लोकतन्त्रका लागि निर्वाचन आवश्यक प्रक्रिया नै हो । यसलाई छलेर अघि बढ्न सकिँदैन । सरकार कम्तीमा जनअनुमोदन नै हुनुपर्छ । यसका लागि निर्वाचन मात्र उपाय हो । यसलाई उपेक्षा गर्दा सरकार र जनप्रतिनिधिबीच ठूलो रिक्तता देखिन्छ । त्यसलाई पूर्ति गर्न पनि राजनीतिक दलले आगामी निर्वाचनमा सक्रिय सहभागी भई सरकारमा जनप्रतिनिधिको रिक्ततालाई पूर्ति गर्नुपर्छ ।

संविधान दिवस (राष्ट्रिय दिवस), २०८२ का अवसरमा काठमाडौं खुलामञ्चमा आयोजित कार्यक्रममा प्रधानमन्त्री सुशीला कार्कीले 'आफू बाध्यात्मक परिस्थितिमा प्रधानमन्त्री भएको र आगामी निर्वाचन सफल पार्न' सबैसँग आग्रह गरेकी थिइन् । राष्ट्रपतिले प्रतिनिधिसभाबाट मन्त्रिपरिषद् गठन गर्ने कुनै उपाय नभएपछि आमसहमतिले उत्पन्न संकटबाट मुलुकलाई निकास दिएको उनको कथन छ ।

राष्ट्रपतिले देशमा उत्पन्न विषम परिस्थिति दृष्टिगत गरी ६ महिनाभित्र प्रतिनिधिसभा निर्वाचन गराउनेगरी तत्काललाई राजनीतिक निकास दिएको प्रसंग उल्लेख गर्दै तोकिएको समयसीमाभित्रै प्रतिनिधिसभा निर्वाचन सम्पन्न गरी दिगो ढंगबाट राजनीतिक निकास दिने पक्षमा चालिएको कदममा सहयोग पुऱ्याउन सम्बद्ध सबै पक्षसँग अनुरोध गरिसकेका छन् । यसकारण अबको उद्देश्य निर्वाचन नै हुनुपर्छ । सबै राजनीतिक दल, मुलुकको प्रशासन तथा व्यवस्थापनमा आबद्ध निकाय, बौद्धिक समुदाय र नागरिकसमेत असहमति र द्वन्द्व छोडेर पूर्वाग्रहरहित भई समन्वय र सहकार्यका साथ आसन्न निर्वाचनका लागि कटिबद्ध हुनैपर्छ ।

युवापुस्ताले उठाएको सुशासन, बेथिति अन्त्य, रोजगारी सिर्जना, वातावरणीय दिगोपन र सामाजिक न्यायलाई प्राथमिकतामा राख्न जरुरी छ । जेनजीले मागेको भ्रष्टाचार र बेथिति अन्त्य होस् भन्ने सबैले मनन गरी सुध्रिएर अघि बढ्नुको विकल्प छैन । यही परिस्थितिमा जेनजीले उठाएको प्रत्यक्ष निर्वाचित कार्यकारीको भने निर्वाचन हुनसक्दैन किनभने शासकीय प्रबन्धका लागि संविधान संशोधन जरुरी पर्छ । प्रतिनिधिसभा नै नभएको अवस्थामा हाल यो सम्भव छैन भन्ने जेनजी समूहलाई बेलैमा बुझाउन जरुरी छ । अन्यथा, सरकारले गर्ने भनेको परम्परागत संसदीय निर्वाचन र उनीहरूले खोजेको प्रत्यक्ष कार्यकारीको निर्वाचनबीच तालमेल नहुँदा स्वार्थ बाझिनसक्छ । यस्तो अवस्थामा 'धमिलो पानीमा माछा मार्न' खोज्ने राष्ट्रविरोधी तत्त्वले खेल्न सक्छन् । अन्तिम अवस्थामा आएर परिस्थिति उल्टिन पनि सक्छ । निर्वाचन नै नहुन पनि सक्छ । सम्भाव्य परिस्थिति आँकलन सरकारले पहिल्यै गरी युवापुस्ताको समेत सल्लाह र सहमतिमा पूर्वतयारी अवस्थामा रहनुपर्छ ।

## के तपाईंलाई **थाहा** छ ?

### कुकुरको निद्रा छोटो किन हुन्छ ?

स्वभावैले कुकुरहरू सतर्क प्राणी हुन् । उनीहरूलाई आफ्ना वरपरको आवाज, गन्ध र गतिविधि तुरुन्त महसुस गर्नुपर्ने हुन्छ । त्यसैले उनीहरूको मस्तिष्क सधैं 'जागा' अवस्थामा रहन्छ, जसले गर्दा उनीहरूको गहिरो निद्रा लामो समय टिक्दैन ।

**छोटो निद्रा चक्र**

मानिसको एक पूरा निद्रा चक्र करिब ९० मिनेटसम्म हुन्छ, तर कुकुरमा यो चक्र केवल १५-२० मिनेट मात्रै हुन्छ । त्यसैले उनीहरू बारम्बार सुत्छन् र उठ्छन् ।

**सिकारी र सुरक्षा प्रवृत्ति**

कुकुरका पुर्खा (स्याल) जंगली सिकारी थिए । उनीहरूले सधैं खतराबाट बच्न वा सिकार पक्रन तयार रहनुपर्थ्यो । त्यो व्यवहार आज पनि उनीहरूको डीएनएमा बाँकी नै छ ।


**छिटो आराम, छिटो उठ्ने बानी**

कुकुरहरू दिनभर स-साना समयका लागि सुत्छन् । जसलाई 'पोलिफेसिक निद्राको ढाँचा' भनिन्छ । उनीहरू २४ घण्टामा धेरैपटक सुत्छन् तर छोटो-छोटो समयका लागि मात्र ।

**पर्यावरण र मालिकसँग तालमेल**

घरपालुवा कुकुरले आफ्ना मालिकको दिनचर्याअनुसार निद्राको समय परिवर्तन गर्छन् । राति मालिक हिँड्दा वा आवाज सुन्दा तुरुन्त उठ्ने गर्छन्, जसले गहिरो निद्रा छोट्याउँछ ।

## विश्व इतिहासमा **आजको दिन**



१० अक्टोबर १९७० मा आजकै दिन फिजी स्वतन्त्रता घोषणा गरिएको थियो । ब्रिटिस उपनिवेशपछि फिजीले स्वायत्तता प्राप्त गरेको हो । त्यसपछि रातु सिर कामिसे मारा फिजीका पहिलो प्रधानमन्त्री बनेका थिए ।

## बेलाको **बोली**

### भ्रष्टाचारीलाई छानबिनमा एमाले सहयोग गर्न तयार छ



**•महेश बस्नेत**
पोलिटब्युरो सदस्य
**नेकपा एमाले**

एमाले अध्यक्ष केपी शर्मा ओलीलाई छोए मात्रै पनि देशभरि आगो बल्ने गृहमन्त्री ओमप्रकाश अर्याललाई मेरो चेतावनी छ ।

नेकपा एमाले, अध्यक्ष केपी ओली र महेश बस्नेत छाती फर्काएर हिँड्दैनन् । हिजो राणा, पञ्च, शाही शासन र माओवादीसँग युथफोर्स बनाएर कान्छी औंलाको भरमा लडेको महेश बस्नेतको टोली हो ।

अहिले हावाभरका जेनजी नामका नौटंकीहरूले च्यालेन्ज गरेर गृहमन्त्री हाहुमा लागेका छन्, यसमा सावधान हुन मेरो आग्रह छ । भ्रष्टाचारीलाई छानबिन गर्न एमाले सहयोग गर्न तयार छ । हामी सहयोग गर्न तयार छौं ।

हाम्रा बारेमा पनि छानबिन गर्नुस् । तर, नेपालको १ नम्बर भ्रष्टाचारी कुलमानबाट थाल्नुस् । अर्थमन्त्री रामेश्वर खनालको पैसा कहाँबाट आयो ? बालेन शाह र सुदन गुरुङलाई पहिला छानबिन गर्नुपर्छ । युवासंघले शनिबार (भोलि) मोटरसाइकल ऱ्याली गरेर शक्ति देखाउनेछ ।

लेख-रचना-प्रतिक्रियाका लागि इमेल गर्नुहोस्
bicharrajdhani@gmail.com

पृष्ठ १ बाट क्रमश:

## ६० हजार...

नेपाल प्रहरीले ३० भदौ र १ असोजमा खोलेको टेन्डरमा अनियमितता पाइएपछि गृह मन्त्रालयकै निर्देशनमा १२ असोजमा टेन्डर रद्द गरेको सूचना सार्वजनिक गरेको थियो ।

नेपाल प्रहरीसँगै टेन्डर प्रक्रिया सुरु गरेर उस्तै कम्पनीलाई खरिदको जिम्मा दिएको सशस्त्रले भने खरिद प्रक्रियामा अनियमितता देखिँदासमेत टेन्डर रद्द गर्नुको सट्टा छनोट भएका कम्पनीलाई आशयपत्र दिने तयारी थालेको छ ।

सशस्त्रले कटन सर्ट खरिदमा मात्र प्रचलित बजार मूल्यभन्दा ११८ दशमलव ३२ प्रतिशत बढी रकम तिरेर खरिद गर्ने प्रस्ताव स्वीकृत गरेको छ। व्यवसायी मित्र लामाको समृद्धि ट्रेड इन्टरनेसनलले ६० हजार थान कटन सर्ट खरिदका लागि हालेको टेन्डरमा प्रतिसर्ट ५ सय ४८ रुपैयाँ प्रस्ताव गरिएको छ। जबकि, यसको वास्तविक बजार मूल्य नै बढीमा २ सय ५१ रुपैयाँ रहेको व्यवसायीहरू बताउँछन् ।

सशस्त्रले प्रतिथान टिसर्टमा बजार मूल्यभन्दा २ सय ९७ रुपैयाँ बढी मूल्य कबोल गर्नेको प्रस्ताव स्वीकृत गरेर राज्यकोषको १ करोड ७८ लाख २० हजार रुपैयाँ नोक्सान गरेको छ ।

सशस्त्रले ३ करोड २८ लाख ८० हजार रुपैयाँको टिसर्ट खरिदमा मात्र १ करोड ७८ लाख २० हजार रुपैयाँ बढी मूल्य तिरेको हो । यो भनेको प्रचलित बजार मूल्यभन्दा ११८ दशमलव ३२ प्रतिशत बढी प्रस्ताव गर्नेको प्रस्ताव स्वीकृत गर्नु हो ।

अनियमितता भएको भन्दै खारेज भएको नेपाल प्रहरीले पनि सशस्त्र प्रहरीले भन्दा निकै कम मूल्यमा टिसर्ट खरिदको आर्थिक प्रस्ताव स्वीकृत गरेको थियो ।

नेपाल प्रहरीले यही कपडा अर्थात् २ सय ५१ रुपैयाँ बजार मूल्य भएको कपडालाई ४ सय २६ रुपैयाँमा टेन्डरमार्फत खरिद स्वीकृत गरेको थियो ।

नेपाल प्रहरीले भन्दा सशस्त्र प्रहरी बलले यही कपडालाई प्रतिथानमा १ सय २२ रुपैयाँ बढी मूल्य तिरेको छ। ६० हजार थान कपडामा मात्र नेपाल प्रहरीले खरिद गरेको भन्दा सशस्त्र प्रहरीले ७३ लाख २० हजार रुपैयाँ बढी रकम तिरेको छ। नेपाल प्रहरीले भने जेएमबीडी इन्टरनेसनलको ठेक्का सदर गरेको थियो ।

गृहमन्त्री ओमप्रकाश अर्यालले पदभार सम्हालेको सात दिनपछि सशस्त्रले पोसाक खरिदको टेन्डर खोलेको थियो । अर्यालले ३० भदौमा पदभार ग्रहण गरेका थिए । सशस्त्रले ७ असोजमा टेन्डर खोलेको थियो । नेपाल प्रहरीको टेन्डरमा घोटाला भएको विषयमा सशस्त्रको टेन्डर खुल्नुअघि नै राजधानी देनिकले निरन्तर समाचार प्रकाशन गरेको थियो ।

तर, गृहमन्त्रीले सशस्त्रले पनि सँगसँगै अघि बढाइरहेको टेन्डर प्रक्रियाका विषयमा चासो नदेखाएका कारण एकलौटी रूपमा टेन्डर प्रक्रिया अघि बढाएर आर्थिक प्रस्ताव स्वीकृत गरेको हो । सशस्त्रले जेनजी आन्दोलनपछि बनेको सरकारका गृहमन्त्री कमजोर भएकाले सशस्त्रको टेन्डरमा ध्यान नदिने र दिए पनि वास्ता नगर्ने निष्कर्षसहित टेन्डर खोलेको थियो ।

## सशस्त्र प्रहरी...

तर, सामान्य गुणस्तर परिवर्तन हुँदा ११८ प्रतिशतभन्दा बढी मूल्य कसरी बढ्यो भन्ने विषयमा भने उनको स्पष्ट जवाफ छैन ।

| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | नि:शूल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**GRAND SUITE JOB PVT. LTD.**
KOTESHWOR-32, KATHMANDU, NEPAL | Tel. No.: +977-1-15100475, Mob.: 9801067955
E-mail: info@grandsuitejob.com | Web : www.grandsuitejob.com.np
Govt. Lic. No. 880-2067/68



**कतारमा रोजगारी**

COMPANY: **ZULAL WELLNESS RESORT**

Pre Approval Date: 2025/10/08 Chalani No. 60245718 LOT No. 331988 City: Qatar

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HOTEL SERVICES | 1 | 2 | 1900 | ७४,००५/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | Nurse | 0 | 1 | 6500 | २५३,१७५/- | | | | | | | | |
| 3 | SPORTS TRAINER | 0 | 1 | 7500 | २९२,१२५/- | | | | | | | | |

**अन्तरवार्ता मिति २०८२/०६/३१ (17 Oct. 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | नि:शूल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Wisdom Human Resource Pvt. Ltd. The way of life.. Govt. Lic. No. 1385/074/075
**Wisdom Human Resources Pvt. Ltd.**
Samakhusi Chowk, GPO Box No. 2234, Tel. No. 014950735, 4980095, Cell: 9849826490 9851145188, Email: hrwisdomnepal@gmail.com, website: www.wisdomhrnepal.com



**साउदी अरेबीया र मलेशियामा रोजगारी**

COMPANY: **NORTHERN COUNTRYSIDE FOUNDATION FOR MEALS**

पुर्व स्वीकृति : २०२५/१०/०८ चलानी नं. ६०२४५७३२ लट नं. ३३१८६६ शहर: Saudi Arabia,KSA

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RESTAURANT (KITCHEN HELPER) | 03 | 0 | 1000 | ३७,८७३/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

COMPANY: **ZAHRA MUFLEH AL-SHAHRANI FOUNDATION**

पुर्व स्वीकृति : २०२५/१०/०८ चलानी नं. ६०२४५७३४ लट नं. ३३२०१८ शहर: Saudi Arabia,KSA

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RESTAURANT (KITCHEN HELPER) | 02 | 0 | 1000 | ३७,८७३/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

COMPANY: **WARISAN PERKASA SECURITY SDNBHD**

पुर्व स्वीकृति : २०२५/१०/०८ चलानी नं. ६०२४५७३३ लट नं. ३३१९२० शहर: Malaysia

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 45 | 0 | 1700 | ५७,२४१/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८२/०६/३१ गते (17 OCT. 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | १०००० |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

TESLA OVERSEAS PVT. LTD. (Manpower Consultant & Recruitment Agency) Govt. Lic. No. 1638/080/081
**TESLA OVERSEAS PVT. LTD.**
SINAMANGAL-09, SINAMANGAL TOWER, KATHMANDU, NEPAL. TEL: +977-1-5920965, 5920966, 9704540753, 9802353778
E-MAIL: INFO@TESLAOVERSEAS.COM.NP, MD@TESLAOVERSEAS.COM.NP / WEB: WWW.TESLAOVERSEAS.COM.NP
Branch: Athitisadan Jhapa | Phone: 9709179673, 9852666837 | E-mail: teslabranchbtm@gmail.com



**जापानमा रोजगारी** COMPANY: **KYODO KUMIAI CENTRAL BUSINESS NET**

Pre Approval Date: 2025/09/25 Chalani No. 60245754 LOT No. 331230 City: Japan,SHIZUOKA

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MEAL PREPARATOR | 3 | 2 | 179227 | १६६,६९९/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | ३ वर्ष |

**जापानमा रोजगारी** COMPANY: **KYODO KUMIAI CENTRAL BUSINESS NET**

Pre Approval Date: 2025/09/12 Chalani No. 60245755 LOT No. 330644 City: Japan,SHIZUOKA

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NON-HEATED FISHERY PROCESSED FOODSTUFF MANUFACTURI | 6 | 2 | 180500 | १६७,८८३/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | ३ वर्ष |

**प्रि-अन्तरवार्ता धमाधम संचालन भईरहेको छ ।**

**फाइनल अन्तरवार्ता हुने मिति २०८२/०७/०१ गते ( Interview Date 18 Oct. 2025 ) मेनपावरको कार्यालय काठमाडौंमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सामाजिक सुरक्षाकोष | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | रू. २,५९६/- कामदार आफैले | ५०००० |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव :**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धी कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने । (छ) शैक्षिक योग्यता +2 Minimum हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू :**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजे को विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धी कागजको प्रतिलिपि ।

१) **दरखास्त बुझाउनु पर्ने अन्तिम मिति र स्थान:** एक्नो प्यालेसमेन्टको कार्यालयमा, सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र ।
२) **प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च :** रु. ५०,०००/-
३) **प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान:** अन्तरवार्ता मिति २०८२/०७/०१ गते (Interview Date: 18 Oct. 2025 ) मेनपावरको कार्यालयमा हुनेछ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :** १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोस्। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। ३) यस विज्ञापन सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्। ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्। ५) अनिवार्य रुपमा विमा गराउनुहोस्। ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्। ७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्। ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**Language Level : Basic N5**

**नोट:** NON JAPANESE LANGUAGE CANDIDATE WOULD BE TAUGHT JAPANESE LANGUAGE AFTER SELECTION. NO PRIOR VISA REJECTION TO JAPAN.

EKNO Placement Pvt.Ltd Govt Lic No: 294/058/059
**EKNO PLACEMENT PVT. LTD.**
(SUBASH VIJAY ASSOCIATES PVT. LTD.),
Tokha-7, Horizon Height, Kathmandu, Tel : +977-01-4987366 / 9828797580
Email : eknoplacements@gmail.com, Web: www.ekno.com.np



# वर्गीकृत डिस्प्ले

**मोटरसाईकल हराएको सूचना**

बागमती प्रदेश ०२-०६० प ४६०२ नं. को स्पार्कल मेट ब्लाक रेड कलर को (ईन्जीन नं. DKXCSC28511) च्यासिस नं.(MD2A13EX35CC-84439) यातायात ब्यवस्था कार्यालयमा हुलाश फाईनसर्भ हायर पर्चेज लि. (विदुर घिमिरे) को नाममा दर्ता रहेको बजाज कम्पनीको २२० सी.सी.को पल्सर मोटरसाईकल ललितपुर जिल्ला जावलाखेलबाट हराएको हुदाँ फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी चौकी, यातायात व्यवस्था कार्यालय वा फोन नं. ९८५११६०१८२ मा खबर गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२/०६/१२ गते राती अ. २:२५ बजेको समयमा टंक प्रसाद मार्ग, बानेश्वर हाइट, काठमाडौं-१० बाट ०६१ प १९७९ नं. कालो रंगको रोयल इन्फिल्ड मोटरसाइकल हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
**सवारी धनी : हुलास फिन सर्भ हायर पर्चेज कम्पनी (ऋणी: गोविन्द बुढा)**
**ठेगाना: काठमाडौं**
**इन्जिन नं.: J3A5FFS2047531**
**च्यासिस नं.: ME3J3C5FFSN000794**
**सम्पर्क नं.:** ९७४५३९०२४८

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२/०६/१९ गते अ. २०:०० बजे देखि ऐऐ मितिको २३:०० बजेको समयमा का.जि. बु.न.पा.-१३, जगडोलबाट बा.प्र. ०२-०५८ प ७७४१ नं. निलो रंगको १४९ सीसीको यमाहा कम्पनीको **FZS FI V2** मोटरसाइकल हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
**सवारी धनी : श्रवण पन्त**
**ठेगाना: काठमाडौं**
**इन्जिन नं.: G3J3E0598273**
**च्यासिस नं.: ME1RG4456S0100836**
**सम्पर्क नं.:** ९७६३७७२९४९

**वर्गीकृत डिस्प्लेका लागि सिधा सम्पर्क**
०१-४८११०८०, ४८१३०२९/३०/३१/३२ Ext. No.: १०२
९७६४५९९६२१
Email: rajdhanimarketing76@gmail.com website: www.rajdhanidaily.com

# जेनजी आन्दोलनमा निजी क्षेत्रको २३ अर्बभन्दा बढी बिमा दाबी

**पूर्णभक्त दुवाल/राजधानी**
काठमाडौं, २३ असोज

गत २३ भदौदेखि देशभर देखिएको असहज परिस्थितिले निर्जीवन बिमा क्षेत्रमा ठूलो मात्रामा क्षति पुऱ्याएको प्रारम्भिक तथ्यांकले देखाएको छ। बिमा प्राधिकरणमा संकलित विवरणअनुसार १८ वटा निर्जीवन बिमा कम्पनीमा जम्मा २ हजार ९ सय ८८ वटा बिमा दाबी दर्ता भएका छन्, जसको कुल रकम करिब २३ अर्ब ३९ करोड २७ लाख रुपैयाँ पुगेको छ। बुधबारसम्म भुक्तानी प्रक्रिया अघि बढ्दैजाँदा करिब १ अर्ब २९ करोड १९ लाख रुपैयाँ बराबरको अग्रिम भुक्तानीसमेत गरिसकिएको बिमा प्राधिकरणले जनाएको छ। बिमा व्यवसायका विज्ञहरूका अनुसार यो रकम नेपालको निर्जीवन बिमा इतिहासकै सबैभन्दा ठूलो एकपटकको क्षति हो, जसको मुख्य असर विशेषगरी काठमाडौं उपत्यका र बागमती प्रदेशमा केन्द्रित देखिएको छ। बिमा प्राधिकरणका अनुसार १४ वटा निर्जीवन बिमा कम्पनी र चारवटा माइक्रो इन्स्योरेन्स कम्पनीमा गरी २३ अर्ब ३९ करोडको बिमा दाबी माग भएको हो।



## बागमती प्रदेश सबैभन्दा बढी प्रभावित

प्रदेशगत विवरण हेर्दा बागमती प्रदेशमा मात्रै १ हजार ६ सय ८ वटा दाबी परेका छन्, जसको कुल रकम १८ अर्ब ४ करोड ३ लाख ५३ हजार रुपैयाँ (७७ प्रतिशत हिस्सा) पुगेको छ। यस प्रदेशले कुल दाबी रकमको लगभग चार-पाँचौं हिस्सा ओगटेको छ, जसले यहाँका उद्योग, व्यवसाय र निजी सम्पत्तिमा भएको क्षति कति व्यापक थियो भन्ने प्रस्ट देखाउँछ। यसपछि कोशी प्रदेशमा ३ सय ७७ वटा दाबी परेर २ अर्ब २ करोड ५० लाख रुपैयाँबराबरको क्षति दाबी भएको छ। गण्डकी प्रदेशमा २ सय १९ वटा दाबी परेर १ अर्ब ७९ करोड ३४ लाख रुपैयाँ पुगेको छ। मधेश प्रदेशमा ३ सय २३ दाबी दर्ता भई ६५ करोड ७१ लाख, लुम्बिनीमा २ सय ५४ दाबी पर्दा ५२ करोड ८२ लाख रुपैयाँ माग गरिएको छ। सुदूरपश्चिममा १ सय ८२ दाबीबापत २५ करोड ८७ लाख रुपैयाँ र कर्णाली प्रदेशमा २५ दाबी परेर ८ करोड ९८ लाख रुपैयाँबराबरको बिमा दाबी गरिएको छ। सम्पत्ति बिमामा सबैभन्दा ठूलो क्षति बिमालेखको प्रकारअनुसार दाबी हेर्दा, सबैभन्दा बढी क्षति सम्पत्ति बिमामा भएको छ। यस शीर्षकअन्तर्गत ५ सय ९४ वटा दाबी दर्ता भई कुल १९ अर्ब ३ करोड २८ लाख रुपैयाँबराबरको क्षति देखिएको छ। मोटर बिमामा दाबीको संख्या सबैभन्दा धेरै २ हजार २ सय ९ वटा परेको छ। मोटर बिमामा मात्र कुल रकम ३ अर्ब ६५ करोड ४ लाख रुपैयाँ (१५ दशमलव ६ प्रतिशत) पुगेको छ।

इन्जिनियरिङ तथा ठेकेदार जोखिम बिमामा १ सय ४४ दाबी परेर ३४ करोड ७२ लाख रुपैयाँ पुगेको छ। पारवहन (ट्रान्सपोर्ट) बिमामा ११ दाबी १ करोड ५५ लाख र अन्य बिमा शीर्षकमा ३० दाबीबाट ३४ करोड ६६ लाख रुपैयाँबराबरको क्षति दर्ता भएको छ।

## सिद्धार्थ प्रिमियर इन्स्योरेन्समा सबैभन्दा बढी भार

बिमक कम्पनीअनुसार हेर्दा सिद्धार्थ प्रिमियर इन्स्योरेन्सले सबैभन्दा ठूलो रकमको दाबी बेहोरेको छ।

सिद्धार्थमा ३ सय ७ वटा दाबीबाट करिब ५ अर्ब ४५ करोड ९३ लाख रुपैयाँबराबरको दाबी परेको छ। दोस्रोमा द ओरिएन्टल इन्स्योरेन्स छ, जसमा ८६ दाबीबाट ५ अर्ब २३ करोड २४ लाख रुपैयाँबराबरको क्षति दाबी भएको छ।

त्यस्तै, आईजीआई प्रुडेन्सियल इन्स्योरेन्सले १ सय ९६ दाबीबाट २ अर्ब ७९ करोड ६६ लाख, शिखर इन्स्योरेन्सले ३ सय ९७ दाबीबाट २ अर्ब ३९ करोड १३ लाख, सगरमाथा-लुम्बिनी इन्स्योरेन्सले ३ सय २२ दाबीबाट १ अर्ब ५७ करोड ५९ लाख र हिमालयन एभरेस्ट इन्स्योरेन्सले २ सय ६१ दाबीबाट १ अर्ब २३ करोड ७८ लाख रुपैयाँबराबरको दाबी भोगेका छन्। दाबी संख्याको हिसाबले शिखर इन्स्योरेन्स ३ सय ९७ र राष्ट्रिय बिमा कम्पनी ३ सय ७५ सहित अग्रस्थानमा छन्।

## बिमा कम्पनीले सुरु गरे तीव्र सर्भे

असहज घटनापछि क्षतिको मूल्यांकनका लागि निर्जीवन बिमा कम्पनीहरूले सर्भेयर परिचालन गर्न थालेका छन्। बुधबारसम्म कुल २ हजार ७ सय ६ सर्भेयर खटाइएका छन्, जसमध्ये ३ सय ७४ वटा सर्भे प्रतिवेदन बिमा कम्पनीमा प्राप्त भइसकेका छन्। बिमा प्राधिकरणका अनुसार सर्भे प्रक्रिया पूरा हुन केही समय लाग्नेछ। प्राधिकरणले बिमा कम्पनीहरूलाई दाबी भुक्तानी प्रक्रिया छिटो र पारदर्शी बनाउन निर्देशनसमेत दिएको छ।

## १ अर्ब २९ करोडको भुक्तानी

बिमा कम्पनीहरूले अग्रिम रूपमा क्षति भुक्तानीको प्रक्रिया सुरु गरिसकेका छन्। हालसम्म करिब १ अर्ब २९ करोड १९ लाख रुपैयाँबराबरको रकम बीमितलाई भुक्तानी भइसकेको प्राधिकरणले जनाएको छ। बिमा क्षेत्रका प्रतिनिधिहरूका अनुसार कतिपय ठूलो दाबीका लागि अझ विस्तृत सर्भे, नक्सांकन र पुनःमूल्यांकन गर्नुपर्ने भएकाले सम्पूर्ण दाबी मूल्यांकन गर्न अझै केही महिना लाग्नसक्छ।

## यस घटनाले बिमा संस्कृतिको आवश्यकता उजागर

बिमा प्राधिकरणका एक उच्च अधिकारीका अनुसार यो घटना नेपालको निर्जीवन बिमा बजारका लागि एउटा चेतावनी र अवसर दुवै हो। 'यस घटनाले बिमा क्षेत्रको जोखिम वहन क्षमता परीक्षण मात्र गरेन, आमजनतालाई पनि बिमाको आवश्यकता र उपयोगिताबारे पुनः सोच्न बाध्य बनायो,' उनी थप्छन्, 'नेपालमा अझै धेरै व्यापारी, साना उद्योगी र गृहस्वामीहरू बिमाबाट बाहिर छन्, यदि यी घटनामा सबैले बिमा गरेका भए व्यक्तिगत क्षति धेरै हदसम्म न्यूनीकरण हुनसक्थ्यो।'

# महालक्ष्मी विकास बैंकका ग्राहकलाई विशेष छुट

**काठमाडौं/रास–** महालक्ष्मी विकास बैंक लिमिटेडले चाडपर्व तथा विदेश यात्रा गर्ने यात्रुहरूलाई लक्षित गर्दै र्‍याडिसन होटल लाजिम्पाटसँगको सहकार्यमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित र्‍याडिसन एयरपोर्ट लाउन्जमा विशेष छुट प्रदान हुने सम्झौता गरेको छ।

यस सम्झौताअन्तर्गत महालक्ष्मी विकास बैंकका डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित र्‍याडिसन एयरपोर्ट लाउन्जले प्रदान गर्ने विभिन्न सेवामा विशेष छुट प्राप्त गर्न सक्नेछन्।

यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहक प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ। स्वास्थ्य क्षेत्र, रेस्टुरेन्टलगायतका संस्थासँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ यस होटलसँग सम्झौता गरिएको सो बैंकले जनाएको छ।

हालै मात्र बैंकले आफ्ना क्रेडिट कार्डबाहकहरूले विभिन्न ट्राभल एजेन्सीमार्फत टुर प्याकेज खरिद गर्दा महालक्ष्मी बैंकको क्रेडिट कार्ड प्रयोग गरी खरिद गर्नसक्ने योजनाको सुरुवात गरेको छ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

## INVITATION OF BID

**For Security Guards and Housekeeping**

**(First date of publication: October 09, 2025)**

The Prime Commercial Bank Ltd. (hereinafter referred to as "The Bank") invites sealed tender for the Supply of **Security Guards and House Keeping.**

The Interested Vendors (hereinafter referred as "The Bidder" can participate in the tendering process under competitive bidding procedures as per specification provided in the Bid Document.

A complete set of bid document may be purchased by the Bidder on the submission of a written application to the above and upon payment of a non-refundable fee In Account name Bid Document Fee 9958370000

**NRs.5,000.00 for Security Guard and NRs.3,000.00 for Housekeeping**

Tender document must be accompanied by a Bid Bond (2.5% of Bid Amount inclusive of VAT) in the form of Bank Guarantee from any 'A' class Commercial Bank of Nepal or Cash Deposit in our Bank's account number 9916102000 (Security Deposits).

The last date of bid submission is on or before October 26, 2025, 5.00 PM.

**The Bid shall be opened on:**

Housekeeping: 11:00 AM, October 29, 2025, 5th Floor Central Office, Kamalpokhari.
Security Guard: 1:00 PM, October 29, 2025, 5th Floor Central Office, Kamalpokhari.

For details, please contact:
**General Administration Department.**
**Prime Commercial Bank Ltd., Central Office**
**Kamalpokhari, Kathmandu, Nepal**
Telephone: 977-1-4523432, Ext- 2533, 2534
Toll free: 18105000150 (NTC), 18102444555(NCELL), E-mail: info@pcbl.com.np

# सेयर धितो कर्जामा २५ करोडको सीमा हट्यो

**राजधानी समाचारदाता**
काठमाडौं, २३ असोज

नेपाल राष्ट्र बैंकले सेयर धितो कर्जामा लगाइएको २५ करोड रुपैयाँको सीमा हटाएको छ। राष्ट्र बैंकको यस निर्णयपछि अब बैंकहरूले व्यक्तिलाई दिन पाउने सेयर धितो कर्जा सीमा हटेको हो। लगानीकर्ताको चाहनाबमोजिम सेयर बजारमा निकै लचकता अपनाएको राष्ट्र बैंकले बुधबार बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन जारी गर्दै २५ करोडको सीमा हटाएको हो।

यसअघि अर्थमन्त्री डा. रामेश्वर खनालले गठन गरेको पुँजी बजार सुधार सुझाव कार्यदलले दिएको सुझाव कार्यान्वन गर्दै राष्ट्र बैंकले बुधबार यस्तो निर्देशन जारी गरेको हो। सोही निर्देशनमार्फत राष्ट्र बैंकले बैंकहरूलाई सेयर खरिद बिक्रीमा पनि सहजीकरण गरेको छ।

बैंकले सेयर खरिद गरेको १ वर्ष व्यतित भएका लगानीमध्येबाट एक आर्थिक वर्षमा प्राथमिक पुँजीको २० प्रतिशत रकमसम्मको लगानी मात्र बिक्री गर्नसक्ने व्यवस्था रहेकामा यसलाई हटाइएको राष्ट्र बैंकले जनाएको छ।

त्यस्तै, सूचीकृत भइसकेको संगठित संस्थाको सेयर तथा डिबेन्चरमा ६ महिनाभन्दा बढी अवधिका लागि बैंकले लगानी गर्न पाउनेछन्। यसअघि १ वर्षभन्दा बढी अवधिका लागि मात्र लगानी गर्न पाउने व्यवस्था थियो। राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले राष्ट्र बैंकले मार्जिन प्रकृतिको सेयर धितो कर्जाको एकल ग्राहक कर्जा सीमा हटाएको जानकारी दिए। जसका लागि राष्ट्र बैंकले बुधबार नै सबै बैंक तथा वित्तीय संस्थालाई एकीकृत निर्देशन संशोधन गर्दै यस्तो सीमा हटाएको निर्णय कार्यान्वयनमा ल्याउन निर्देशन जारी गरिएको उनले जानकारी दिए।

यसअघि कुनै एक वा सबै इजाजतपत्रप्राप्त संस्थाबाट सेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको अधिकतम एकल ग्राहक कर्जा सीमा २५ करोड रुपैयाँ कायम गरिएको थियो।

# सिद्धार्थ बैंकका ग्राहकलाई इजी डेन्टलमा छुट

**राजधानी समाचारदाता**
काठमाडौं, २३ असोज

सिद्धार्थ बैंक र इजी डेन्टल क्लिनिक प्रालिबीच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ। म्झौताअनुसार काठमाडौंको चाबहिलस्थित इजी डेन्टल क्लिनिकमा बैंकका ग्राहकले बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा १५ प्रतिशतसम्मको छुट हुने सो बैंकले जनाएको छ।

सम्झौताले ग्राहकलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला श्री रोहिनी प्रसाद खतिवडाको नाति, श्री बद्री प्रसाद खतिवडाको छोरा, बागमती प्रदेश, धादिङ जिल्ला, गल्छी गाउँपालिका वडा नं. ०६ बस्ने श्री सागर खतिवडाको यही मिति वि.सं. २०८२/०५/२२ गतेको दिन मृत्यु भएकोले निजको यस बैंकमा रहेको एकल बचत खाता नं. ०३८०१११००००९९९ को निक्षेप रकमको भुक्तानी पाउँ भनी मृतकको श्रीमती राधा खतिवडाले मिति २०८२/०६/२२ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सानिमा बैंक www.sanimabank.com
बालाजु कार्यालय, काठमाडौं, फोन : ०१-४९५१२६७

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

## पूर्वाधार विकास कार्यालय, कास्की

**निर्माण व्यवसायीलाई स्पष्टिकरण सहित सम्पर्कमा आउने बारेको सूचना ।**

(सूचना प्रकाशित मितिः २०८२/०६/२४)

उपरोक्त सम्बन्धमा डिभिजन सडक कार्यालय, कास्की र तपाई निर्माण व्यवसायीहरु विच खरिद सम्झौता भै यस कार्यालयमा हस्तान्तरण भएका तपसिल बमोजिमका खरिद कार्यको निर्माण कार्यको सिलसिलामा तहाँ कम्पनीको तर्फवाट भएको ढीलासुस्ती सम्वन्धमा यस कार्यालयका विभिन्न मितिका पत्रहरु मार्फत कार्य सुचारु गर्न अनुरोध गरिएकोमा तहाँ कम्पनीको तर्फवाट अटेर गरि विगत लामो समय देखि हालसम्म पनि निर्माणस्थलमा निर्माण कार्य सुचारु नगरी सम्पर्क विहिन हुनु भएकोले खरिद संझौताको शर्तहरु तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ बमोजिम तपाई र यस कार्यालय विच भएको खरिद संझौताको अन्त्य गरि नियमानुसारको कारवाही प्रक्रिया अगाडी किन नवढाउने? यदि कारवाही प्रक्रिया अगाडी वढाउनु नपर्ने कुनै मनासिव माफिकको कारण भए लिखित कारण सहित निर्माण कार्य सुचारु गरी सोको स्पष्टिकरण यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा स्वयं उपस्थित भै पेश गर्नुहुन जानकारी गराईन्छ । अन्यथा सोही संझौताका शर्तहरु तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ बमोजिमको प्रक्रिया अघि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| सि. नं. | कामको विवरण | ठेक्का नं. | निर्माण व्यवसायीको नाम/ठेगाना | आधिकारीक प्रतिनिधि | खरिद सम्झौता मिति |
|---|---|---|---|---|---|
| १ | बेगनास ताल - आनन्द ज्योति मा.बि. - माझथाना सडक, कास्की | DROPKR/3371234/073/074-124 | Lama Builders Co. Pvt. Ltd., Kathmandu | निमा लामा | २०७४/०४/११ |
| २ | फुस्रेखोला रामदी मट्टीखान देउराली सडक, कास्की | DROPKR/3371234/073/074-123 | SBA/SAP/Siruwa J.V., Kathmandu | सुवास खड्का | २०७४/०३/२८ |

**सिनियर डिभिजनल ईन्जिनियर**

**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय कमलादी, काठमाण्डौका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८२/०६/२४ गते शुक्रबारको राजधानी राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.)बाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जाको किस्ता (सावाँ, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०७८/११/१९ गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले कर्जा असुलीको लागि मिति २०७९/०१/१६ गतेको सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले, असुलीको लागि मिति २०८२/०४/०४ गते आइबारको राजधानी राष्ट्रिय दैनिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीको लागि पूनः यो सूचना प्रकासित गरिएको छ। कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती मध्ये कुन सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरि लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैकको प्रधान कार्यालय, बबरमहल, काठमाडौंमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८२/०६/३१ गते शुक्रबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौंमा दिनको १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल :**

**१. ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०५/०६ मा प्रा.लि. दर्ता नं. २२२२४२/०७६/०७७ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय, महाराजगंज, काठमाण्डौंबाट मिति २०७६/०५/११ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९६०६०५६ को प्रमाणपत्र प्राप्त **सिन्धु प्रकृति कन्स्ट्रक्सन प्रा.लि. । रजिष्टर्ड ठेगाना** : काठमाण्डौ जिल्ला का.म.न.पा. वाडा नं. २६, रानीदेवी ।

| | |
|---|---|
| **संचालक तथा व्यक्तिगत जमानीकर्ता : मोहन वहादुर तिम्सिना**<br>(ना.प्र.न. ३५३०२/१२९, जारी मिति २०६३/१०/२७ जि.प्र.का. चितवन) ।<br>स्थाई ठेगाना : चितवन जिल्ला कुमरोज गा.बि.स. वडा नं ३ ।<br>हालको ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वाडा नं २६, रानीदेवी ।<br>बाबु : खिरेन्द्र बहादुर तिम्सिना । बाजे : यज्ञ प्रसाद तिम्सिना । | **व्यक्तिगत जमानीकर्ता : श्रीमती तारा कुमारी भण्डारी**<br>(ना.प्र.न. ३७९०, जारी मिति २०४३/१०/०२, जि.प्र.का. चितवन) ।<br>बाबु : बिर बहादुर भण्डारी ।<br>पति : खिरेन्द्र बहादुर तिम्सिना ।<br>ससुरा : यज्ञ प्रसाद तिम्सिना । |

**२. ऋणी : मोहन वहादुर तिम्सिना** (ना.प्र.न. ३५३०२/१२९, जारी मिति २०६३/१०/२७ जि.प्र.का. चितवन) स्थाई ठेगाना : चितवन जिल्ला कुमरोज गा.बि.स वडा नं. ३ । हालको ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वाडा नं २६, रानीदेवी । बाबु : खिरेन्द्र बहादुर तिम्सिना । बाजे : यज्ञ प्रसाद तिम्सिना ।

| | |
|---|---|
| **व्यक्तिगत जमानीकर्ता : श्रीमती तारा कुमारी भण्डारी**<br>(ना.प्र.न. ३७९०, जारी मिति २०४३/१०/०२, जि.प्र.का. चितवन) ।<br>स्थाई ठेगाना : चितवन जिल्ला कुमरोज गा.बि.स. वडा नं ३ ।<br>बाबु : बिर बहादुर भण्डारी ।<br>पति : खिरेन्द्र बहादुर तिम्सिना ।<br>ससुरा : यज्ञ प्रसाद तिम्सिना । | **व्यक्तिगत जमानीकर्ता : मैया खड्क**<br>न.प्र.नं.२४३०११/२८४, (जारी मिति २०६३/११/१२ जि.प्र.का. सिन्धुपाल्चोक) ।<br>स्थाई ठेगाना : सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे गा.बि.स. वडा नं २ ।<br>हालको ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वाडा नं २६, रानीदेवी<br>बाबु : तिलक बहादुर खड्का ।<br>पति : मोहन बहादुर तिम्सिना । ससुरा : खिरेन्द्र बहादुर तिम्सिना । |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

**१.** श्रीमती तारा कुमारी भण्डारीको नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता रहेको चितवन जिल्ला कुमरोज गा.बि.स., वडा नं. ३, नक्सा सिट नं. ३क स्थित कित्ता नं. ४३९ र ४५६ क्षेत्रफल ०-१-०-० र ०-१-८.५-० (बिघा) घर/जग्गा र सो घर/जग्गामा भवन/टहरा लगायत सम्पूर्ण लिगलगापात समेत ......................१

**नोट : धितो वापत यस बैंकको नाममा रहेका निम्नानुसारको सवारी साधनहरु यस बैंकलाई बुझाउनु हुन ऋणी तथा जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।**

धनी यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी **सिन्धु प्रकृती कन्स्ट्रक्सन प्रा.लि.** कायम भई यातायात व्यवस्था कार्यालय काठमाण्डौमा दर्ता कायम रहेको, सवारी साधन नं बा. ३ क ३११५ च्यासिस नं. N639D00169 ईन्जिन नं. 84813774 को Hyundai Hydraulic Excavator Model No. R220LS थान .....................१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम यस **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग**बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा अन्य थप जानकारी आवश्यक भएमा यस **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

का.जि.प्र.का.द.नं. १०३/०४०/४१, म.क्षे.हु.नि.द.नं. २४/२०६९/०७०

# खेलकुद वाटिका



## पाँचौं भेट्रान फुटबल प्रतियोगिता भोलिदेखि



काठमाडौं महानगरपालिका-७ को 'पाँचौं वडाध्यक्ष कप भेट्रान फुटबल प्रतियोगिता' नयाँ मितिअनुसार २५ देखि २९ असोजसम्म हुनेछ । यसअघि प्रतियोगिता २८ भदौदेखि २ असोजसम्म हुने भनिए पनि जेनजी आन्दोलनका कारण स्थगित गरिएको थियो । प्रतियोगितामा १६ बढी टिम सहभागी हुने जनाइएको छ ।



# रोनाल्डो बने फुटबल दुनियाँको पहिलो अर्बपति

**राजधानी समाचारदाता**
काठमाडौं, २३ असोज

विश्वका 'फुटबल सुपरस्टार'मध्ये एक क्रिस्टियानो रोनाल्डोले आफ्नो करिअरमा अर्को रेकर्ड बनाएका छन् । यसपटक यो कुनै गोल वा ट्रफीका लागि भने होइन । उनको चर्चा बैंक ब्यालेन्सबारे भइरहेको छ । ब्लुमबर्ग बिलिनियर्स इन्डेक्सका अनुसार रोनाल्डोको कुल सम्पत्ति १ दशमलव ४ बिलियन अमेरिकी डलर अर्थात् नेरु करिब २ सय अर्ब पुगेको छ । जसले उनलाई फुटबल दुनियाँको पहिलो अर्बपति बनाएको छ । ब्लुमबर्गले पहिलोपटक रोनाल्डोको सम्पत्ति यस सूचकांकमा समावेश गरिएको जनाएको छ । यस मूल्यांकनले उनलाई विश्व फुटबलमा सबैभन्दा धेरै कमाउने खेलाडी बनाएको छ । उनले प्रतिद्वन्द्वी लियोनल मेस्सीलाई समेत उछिनेका छन् ।

### तलब र क्लब करिअर

रोनाल्डोको कमाइको सबैभन्दा ठूलो हिस्सा उनको तलबबाट आउँछ । युरोपमा उनको तलब मेस्सीको बराबर थियो, तर जब उनी सन् २०२३ मा साउदी अरेबियाको अल नासर क्लबसँग आबद्ध भए, त्यसपछि रोनाल्डोको कमाइमा उल्लेखनीय भिन्नता देखापर्‍यो । सम्झौतामा करबाहेकको वार्षिक तलब र २ सय मिलियन अमेरिकी डलर बोनस, साथै ३० मिलियन अमेरिकी डलरको 'साइनिङ बोनस' समावेश थियो । ब्लुमबर्गका अनुसार सन् २००२ देखि २०२३ सम्म रोनाल्डोले कुल ५ सय ५० मिलियन अमेरिकी डलरभन्दा बढी तलब पाएका छन् ।

### ब्रान्ड अनुमोदन र व्यापार लगानी

ब्रान्ड अनुमोदन रोनाल्डोको आम्दानीको अर्को स्तम्भ हो । नाइकसँगको १० वर्षको सम्झौतापछि उनी वार्षिक लगभग १८ मिलियन अमेरिकी डलर कमाउँछन् । थप रूपमा अरमानी र क्यास्ट्रोलजस्ता ब्रान्डसँगको साझेदारीले उनको कुल सम्पत्तिमा लगभग १ सय ७५ मिलियन अमेरिकी डलर थपेको छ ।

उनले आफ्नो 'सीआर सेभेन' ब्रान्डअन्तर्गत होटल, जिम र फेसनमा पनि शाखा विस्तार गरेका छन् । रोनाल्डोसँग लिस्बननजिकै रहेको क्विन्टा दा मारिन्हा उच्च-अन्तको गल्फ रिसोर्टसहित थुप्रै विलासी सम्पत्ति पनि छन्, जसको मूल्य लगभग २० मिलियन युरो हुने अनुमान गरिएको छ ।

### मेस्सीसँग कमाइको तुलना

लामो समयदेखिका रोनाल्डोका प्रतिद्वन्द्वी रहेका लियोनल मेस्सीले आफ्नो करिअरमा करपूर्व लगभग ६ सय मिलियन अमेरिकी डलर कमाएका छन् । मेस्सी सन् २०२३ मा इन्टर मियामीमा सामेल हुँदा उनलाई वार्षिक २० मिलियन अमेरिकी डलर तलब ग्यारेन्टी दिइएको थियो । यद्यपि, ब्रान्डको समर्थन र व्यावसायिक लगानीले रोनाल्डोको कुल आम्दानीमा उल्लेखनीय योगदान पुर्‍याएको छ, जसले गर्दा उनी मेस्सीभन्दा अगाडि छन् ।

### सामाजिक सञ्जाल र विश्वव्यापी प्रभाव

सम्पत्तिको अतिरिक्त रोनाल्डोको सामाजिक सञ्जाल पहुँचले पनि उनको विश्वव्यापी लोकप्रियता प्रतिबिम्बित गर्छ । इन्स्टाग्राममा उनका ६६ करोडभन्दा बढी 'फलोअर्स' छन्, जसले गर्दा उनी सबैभन्दा धेरै 'फलोअर्स' हुने व्यक्तिसमेत बनेका छन् । यसले देखाउँछ कि उनको प्रभाव फुटबलमै सीमित छैन । उनको ब्रान्ड समर्थन र लोकप्रियतामा पनि बलियो पकड देखिएको छ ।

**रोनाल्डोको कमाइको सबैभन्दा ठूलो हिस्सा उनको तलबबाट आउँछ । युरोपमा उनको तलब मेस्सीको बराबर थियो, तर जब उनी सन् २०२३ मा साउदी अरेबियाको अल नासर क्लबसँग आबद्ध भए, त्यसपछि रोनाल्डोको कमाइमा उल्लेखनीय भिन्नता देखापर्‍यो । सम्झौतामा करबाहेकको वार्षिक तलब र २ सय मिलियन अमेरिकी डलर बोनस, साथै ३० मिलियन अमेरिकी डलरको 'साइनिङ बोनस' समावेश थियो**



# 'सुपर सिक्स'मा नेपाल

**राजधानी समाचारदाता**
काठमाडौं, २३ असोज

एक खेल बाँकी रहँदै नेपाल 'आईसीसी टी-२० एसिया' र 'इस्ट एसिया प्यासिफिक छनोट'को 'सुपर सिक्स चरण'मा प्रवेश गरेको छ । बिहीबार कुवेतमाथि जित हासिल गरेसँगै जापान पनि अन्तिम छनोटमा पुगेको छ । कुवेत भने प्रतियोगिताबाट बाहिरिएको छ । यसअघि, ओमानमा सुरु प्रतियोगितामा कुवेतलाई नेपालले ५८ रनले हराएको थियो । मस्कटस्थित अल एमेरट क्रिकेट मैदानमा बुधबार १ सय ४२ रनको लक्ष्य लिएर मैदान उत्रिएको कुवेत १८ दशमलव १ ओभरमा ८३ रनमै 'अलआउट' बन्न पुग्यो । नेपालबाट कप्तान रोहित पौडेल, सन्दीप लामिछाने र ललित राजवंशीले २-२ विकेट लिएका थिए । रोहितले २ ओभरमा ९, ललितले ४ ओभरमा १७ र सन्दीपले ४ ओभरमा १ मेडन राख्दै २२ रन खर्चे भने सोमपाल कामी, नन्दन यादव र कुशल भूर्तेलले १-१ विकेट लिएका थिए ।

कुवेतबाट सर्वाधिक २६ रन बनाएका ओपनर क्लिन्टो एन्टोलाई दीपेन्द्रसिंह ऐरीले आफ्नै बलिङमा सानदार रनआउट गरेका थिए । एन्टोले २३ बलमा २ छक्का प्रहार गरेका थिए । त्यस्तै, सोमपालले अर्का ओपनर रविजा सन्दरुवानलाई पहिलो ओभरमै 'आउट' गरी नेपाललाई सानदार सुरुआत दिलाए भने नन्दनले उसमान पटेललाई खाता खोल्नबाट रोके । अनुभवी मीत भवसार १२ बल खेली समान १ चौका र छक्का प्रहार गरी ११ रनमै 'आउट' भए । यासिन पटेलले २७ बल खेली १ छक्कासाथ १९ रन बनाएका थिए भने कप्तान मोहम्मद अस्लाम ७ रनमै बाहिरिए ।




यसअघि,नेपालका कुशल भूर्तेलले अर्धशतक बनाए पनि 'टी-२० विश्वकप एसिया-इस्ट एसिया प्यासिफिक छनोट'मा संघर्षपूर्ण स्कोर बनाएका थिए । 'टस' हारेपछि ब्याटिङ निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ७ विकेट गुमाई १ सय ४१ रन बनाएको थियो । आसिफ शेख २ रन मात्र जोडी 'आउट' भएपछि ५६ बल खेली समान ३ चौका र छक्काका साथ ६६ रन बनाएका अर्का ओपनर भूर्तेल अन्तिम ओभरको पाँचौं बलमा 'आउट' भएका थिए । त्यस्तै, रोहित १५ बल खेली ३ चौकासहित १६, कुशल मल्ल ४, सन्दीप जोरा ५ रनमा बाहिरिए । यसैगरी, दीपेन्द्रले १ छक्कासहित १९ बलमा २० रन बनाए भने १९औं ओभरमा गुलशन झाले लगातार ३ छक्का प्रहार गरेपछि नेपालको स्कोरमा सुधार आयो । गुलशनले केवल ६ बलमा २० रन बनाए । सोमपाल १ र नन्दन २ रनमा अविजित रहे । कुवेतका नवीनराज राजेन्द्रन र अनुदीप चेनथामराले २-२ विकेट लिएका थिए ।

# 'कान्ताराको चरित्रले ममा आमूल परिवर्तन ल्यायो'

**एजेन्सी**
मुम्बई, २३ असोज

ऋषभ शेट्टी निर्देशित तथा अभिनित 'कान्तारा : च्याप्टर १' गत २ अक्टोबरबाट चलचित्रघरमा रिलिज भएदेखि नै चर्चामा छ । चलचित्रको कथा, अद्भुत छायांकन र शक्तिशाली सिनेम्याटोग्राफीबाट दर्शक चकित छन् ।

रिलिजको पाँचौं दिनसम्म यस चलचित्रले विश्वव्यापी रूपमा भारु ३६२.७५ करोड कमाएको थियो । जसले 'पुष्पा-द राइज' (भारु ३५०.१ करोड) र 'तानाजी-द अनसङ वारियर' (भारु ३६१ करोड)जस्ता ब्लकबस्टरलाई समेत उछिनेको छ । यसबीच चलचित्रमा राजकुमारी कनकवतीको भूमिका निर्वाह



रुक्मिणी वसन्त

गर्ने अभिनेत्री रुक्मिणी वसन्तले आफ्नो चरित्रबारे धारणा सार्वजनिक गरेकी छन् । उनले हालै इन्डिया टुडेका प्रबन्ध सम्पादक मारिया शकीलसँग चलचित्रको महिला चरित्र र भूमिकाका लागि आफ्नो तयारीबारे खुलासा गरेकी छन् । 'यो पात्र निर्वाह गर्न मैले धेरै सांस्कृतिक परम्परा बुझ्नुपर्‍यो, यसको अध्ययनले मेरो दृष्टिकोणमा उल्लेखनीय परिवर्तन ल्यायो,' उनले भनिन्, 'मैले भूमिकाका लागि तरवारबाजी र घोडा चढ्ने तालिम पनि लिएँ, गाउँमा छायांकन गर्दा हामी यस चलचित्रको संसारमा पूर्ण रूपमा डुबेका थियौं, एउटा स्थिर र भावनात्मक चरित्र लेख्ने श्रेय ऋषभ सर र लेखकहरूलाई जान्छ, अब म गर्वसाथ भन्न सक्छु कि म तरबार समात्न र घोडा चढ्न सक्छु ।'

ऋषभ र रुक्मिणीका अतिरिक्त चलचित्रमा जयराम, गुलशन देवैयालगायतले प्रमुख भूमिकामा अभिनय गरेका छन् ।




स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेशन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : सचिन शेरचन, प्रबन्ध निर्देशक : आशिष शेरचन, सम्पादक : डिल्ली आचार्य